रातो खबर अब www.eratokhabar.com मा पनि पढ्न सकिन्छ ।

# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

चुनाव खारेज अभियान सफल भएको छ



अन्तर्वार्ता पृष्ठ ३

वर्ष २, अङ्क ४६, पूर्णाङ्क ९४ | २०७४ जेठ ३ गते बुधबार | Wednesday, 17 May 2017 | www.eratokhabar.com | मूल्य रु. १०

# स्थानीय निर्वाचनको संकेत

- कालीकोटमा बर्बर दमन, एकको मृत्यु, दर्जनौं घाइते
- जनदमनको उचित ढङ्गले प्रतिरोध गर्छौं – विप्लव, महासचिव, नेकपा

■ **रातो खबर संवाददाता**/काठमाडौं

देशलाई व्यापक ध्रुवीकरण गर्दै संसदीय व्यवस्थाको स्थानीय तहको पहिलो चरणको चुनाव सकिएको छ। यो चुनावमा बहिष्कार अथवा खारेज अभियानमा शान्तिपूर्ण ढङ्गले सहभागी सयौं नेता, कार्यकर्तालाई गिरफ्तार गरियो । कयौँलाई झूट्टा मुद्दा लगाइयो र यातना दिइयो । कतिसम्म भने समाचार प्रकाशन-प्रसारण गरेकै कारण रोल्पा, पोखरा, काठमाडौं, मकवानपुरलगायत स्थानमा सञ्चारकर्मीलाई समेत थुनछेक, पक्राउपुर्जी, गिरफ्तार, दुर्व्यवहार गरियो। अधिकारकर्मीहरूसमेत गिरफ्तार गरिए। नेकपाका कार्यकर्तालाई देख्नासाथ बिनाकुनै कारण गिरफ्तार गर्ने जङ्गली आदेश गृहप्रशासनले गऱ्यो ।

कालीकोट जिल्लाको माल्कोटका जनताले चुनावका विरुद्ध अभिमत व्यक्त गर्नासाथ बर्बरतापूर्वक गोली चलाइयो। यसका कारण दर्जनौँ घाइते भए। गम्भीर घाइते भएकामध्ये एकजनाको मृत्यु नै भयो। घटनालगत्तै घाइतेको उपचार र राहत दिनुको सट्टा थप सुरक्षा बल पठाएर स्थानीय जनतालाई तर्साउने, थप दमन गर्ने घृणित कार्यमा प्रचण्ड सरकार उद्यत छ । यता तीनजना केन्द्रीय सदस्यसहित नेकपाका सयौं कार्यकर्ता गिरफ्तार गरिएका छन् । कुनै





पनि राजनीतिक दलसँग संलग्न नभएका दर्जनौं सर्वसाधारण जनतासमेत पक्राउ गरिए । मध्यराति बिहारी डाँकाले झैँ सुतिरहेका नागरिकलाई पक्राउ पुर्जीसमेत नदिई अपहरण गरेर कपोलकल्पित मुद्दा लगाइयो । ४ वर्षका बच्चा र आमासमेतलाई छोडिएन। सङ्क्षिप्तमा भन्ने हो भने राज्यले भयानक राज्यआतङ्क नै उत्पन्न गऱ्यो । त्यसप्रकारको राज्यआतङ्कको प्रतिरोध गर्ने घोषणा नेकपाका महासचिव विप्लवले गर्नुभएको छ र तत्काल ठूला घटना नभएको भए पनि ठाउँठाउँमा जनप्रतिरोध भएका छन्। संसदीय अप्रजातान्त्रिक चरित्रको विरुद्ध जनमत व्यापक बनेको छ र

... बाँकी पृष्ठ ७ मा

## चुनाव खारेज सशक्त




■ **अम्बिका चन्द**/काठमाडौं

राज्यका सबै संयन्त्रहरूको दुरूपयोगसहित (खासगरी मनी, मसल र मिडियाको दुरूपयोग) जबर्जस्ती गरिएको स्थानीय तहको पहिलो चरणको चुनाव नेकपाले सशक्त रूपमा खारेज तथा बहिष्कार गरेको छ।

चुनावको अघिल्लो दिन नेकपाले आयोजना गरेको नेपाल बन्द अभूतपूर्व रूपमा सफल भएको छ र त्यसको पूर्वसन्ध्यामा गरिएको मसालजुलुसको कार्यक्रम पनि देशव्यापी रूपमा सानदार भएको छ। राजमार्ग र राजधानीमा प्रहरीको स्कर्टिङमा केही सवार ासाधन जबर्जस्ती चलाइएको भए पनि सिङ्गो देश दिनभर ठप्प भयो। तर विडम्बना! सरकार र दल नियन्त्रित ठूला भनिएका घराना सञ्चारमाध्यमहरूले बन्दको समाचार लेख्ने हिम्मत भने गरेनन् । बन्दको दिन अवज्ञा गरी सवारीसाधन चलाउँदा डोटीको पाण्डुसैनमा एउटा मालवाहक सवारी ट्रक, तनहुँको भिरकोटमा एउटा यात्रुवाहक बस, कैलालीमा एउटा भारतीय नम्बर प्लेटको गाडी र एउटा मोटरसाइकलमा आगजनी गरिएको छ।

सत्ता र शक्तिको आड लाग्दै पार्टीका विरुद्धमा उत्रने कयौं ठाउँका उम्मेदवारहरू नेकपाको निशानामा परे । प्रहरी प्रशासनसँग मिलेर नेकपाका विरुद्ध सुराकी गर्ने मनवानपुरको मनहरीबाट माओवादी केन्द्रका उम्मेदवार रामकुमार उप्रेती र चितवनबाट माओवादी केन्द्रकै उम्मेदवार प्रेमबहादुर रिमाल नियन्त्रणमा परे । हुम्लामा पनि एक उम्मेदवार नियन्त्रणमा परे।

निर्वाचन खारेज तथा बहिष्कारकै सिलसिलामा चुनावी लगनका २४ घन्टामा देशका दर्जनौं ठाउँमा शक्तिशाली बम विष्फोट भए। हजारौं सुरक्षाकर्मी परिचालन गरी उच्च सुरक्षा सतर्कता अपनाइएको भनिएको राजधानीकै विभिन्न ठाउँमा बम विस्फोटहरू भए । काठमाडौँका ढुङ्गेअड्डा, डाँडापौवा, साँखु, दक्षिणकाली, भक्तपुरको गट्ठाघरलगायत ठाउँहरूमा बम विस्फोट भए। यसैगरी मकवानपुरको मनहरीका दुई स्थान, फाखेलका दुई स्थान र पालुङ्का तीन स्थानमा बम विस्फोट भए । मकवानपुरमै एमालेका वडाध्यक्ष उम्मेदवार धनसिंह स्याङ्तानको घरमा बम विस्फोट भयो । दोलखाको भीमेश्वरीअन्तर्गत तामाकोसी बजार, कैलालीको धनगढी, स्याङ्जा, तनहुँको दमौलीमा बम विस्फोट

... बाँकी पृष्ठ ३ मा

## स्थानीय चुनाव खारेजीको औचित्यता

देश/परिवेश

■ सुदर्शन

पुष्पकमल दाहालको गठबन्धन सरकारले ९ फागुन २०७३ को साँझ ७ बजे कथित स्थानीय चुनावको घोषणा गर्दा हामी नेपाली शोषित-उत्पीडित श्रमजीवी जनताको अग्रदस्ता नेपाल कम्युनिस्ट पार्टीको आठौं महाधिवेशनमा जुटिरहेका थियौं। सोही दिन हाम्रो पार्टीका महासचिव कमरेड विप्लवले प्रेसविज्ञाप्ति दिँदै भन्नुभएको छ- 'जनयुद्धको मर्मविपरीत दलाल संसदीय व्यवस्था लादिएपछि नेपालमा जनसत्ता पुनर्संगठित र परिचालित भएको कुरा पनि सर्वविदितै छ। संसदीय व्यवस्थाप्रति जनताको असहमति र जनसत्ता सञ्चालन भइरहेको सन्दर्भमा हामी यो चुनावको कुनै औचित्य नरहेको स्पष्ट गर्न चाहन्छौं।'

हामीले जनयुद्धको पहलकदमी अघि बढाउँदै संसदीय व्यवस्थाका विरुद्ध हतियार उठाएका हौं र साम्राज्यवाद तथा प्रतिक्रियावादका कुनै पनि प्रलोभनमा नफसेर नयाँ जनवादी क्रान्ति पूरा गरी वैज्ञानिक समाजवादमा नपुगुन्जेल हतियार बिसाउनु जनताप्रति अपराध हुन्छ भन्ने कसम खाएका हौं । यो कुरा दुनियाँलाई थाहा छ र दस्ताबेजमा लिपिबद्ध छ । वैज्ञानिक समाजवादको उद्देश्यका लागि ८ हजारभन्दा बढी नेपाली जनताका सर्वोत्तम छोरछोरीहरूले सहादत प्राप्त गरेका थिए र दुई हजारभन्दा बढी बेपत्ता भएका छन्। सत्ता पक्षबाट लड्दा सेना, प्रहरी र अन्यबाट गरी सात हजारको ज्यान गएको छ। यसबाट नेपालको ८० प्रतिशत भूभाग मुक्त भएको थियो । जनताको जनसत्ता, जनसेना, जनमिलिसिया, जनप्रशासन, जनअदालत र जनप्रतिनिधिसभा बनेको थियो । जनयुद्ध र जनआन्दोलनको बलले राजतन्त्र पनि शासन सत्ताबाट हट्यो । विडम्बनाको कुरा धोकेबाज नेताहरूका कारणले भारतीय साम्राज्यवादको स्वार्थअनुरूप लोकतान्त्रिक गणतन्त्रका नाममा पुनः दलाल पुँजीवादी संसदीय व्यवस्था लादियो । दुनियाँलाई थाहा छ, आज पुष्पकमल दाहाल र बाबुराम भट्टराई पुरानै संसद्वादी र सामन्तवादी दलालहरूसँग साँठगाँठ गरी देशमा संसदीय फासिवाद लागू गरिरहेका छन्। सहिद र बेपत्ताहरूको सपनामाथि विश्वासघात भएको छ। हामी जुन सत्ताका विरुद्ध लडेका थियौं, त्यही सत्ताको सुदृढीकरणका लागि कथित स्थानीय चुनावमा भाग लिनु भनेको सहिदहरूको रगतमाथि होली खेल्ने गद्दारहरूकै साथ दिनु हो, जनतालाई वैज्ञानिक समाजवादको बाटो देखाउनुको सट्टा त्यतापट्टि कालो बादल लगाएर दलाल पुँजीवादी संसदीय व्यवस्थाकै पूजा गर्नु हो, राष्ट्रियताको पहरेदार बन्नुको सट्टा भारतीय साम्राज्यवादको कारिन्दा बन्नु हो । यसकारण हामीले स्थानीय चुनाव खारेजी र जनसत्ताको निर्वाचन गर्ने अभियान अघि बढाएका छौं ।

दोस्रो कुरा, संसद्वादीहरूले आफ्नो संविधानले निर्धारण गरेको प्रदेश नं. ३, ४ र ६ अन्तर्गतको "स्थानीय निर्वाचन" सम्पन्न भएको घोषणा गरेका छन्। यस क्रममा उनीहरूले दलाल पुँजीवादी संसदीय व्यवस्थाअन्तर्गत भएको कथित स्थानीय चुनावको औचित्य नरहेको र जनताको जनसत्ता आवश्यक भएको भन्दै शान्तिपूर्ण तरिकालेराजनीतिक अभियान चलाइरहेका नेपाल कम्युनिस्ट पार्टीका नेता, कार्यकर्ता र जनतामाथि फासिवादी दमन चलाएका छन् । वैशाख ३१ गते कालीकोटको मालकोटमा दाहाल सरकारले शान्तिपूर्ण तरिकाले विरोध प्रदर्शन गरिरहेका जनतामाथि गोली चलाएको छ। उक्त गोली प्रहारबाट एकजनाको मृत्यु भएको छ भने ४ जना सख्त घाइते भएका छन्। सयौँ जनतालाई चोटपटक लागेको छ। यसको प्रतिरोधमा सयौँ जनताले प्रहरी, सशस्त्र प्रहरी र सेनाको घेरा तोडी मतदान बाकस कब्जा गरी जलाइदिएका छन्। यसैगरी देशव्यापी रूपमा हाम्रो पार्टीका केन्द्रीय सदस्य, क्षेत्रीय ब्युरो सदस्य र जिल्ला समितिका सचिवलगायत सयौँ कार्यकर्ताहरू पुलिस हिरासतमा थुनिएका छन् । प्रशासनले सार्वजनिक अपराधसम्बन्धी मुद्दा चलाइरहेको छ। "कम्युनिस्ट" नामधारी सरकारको यो फासिवादी ताण्डव नृत्यले पञ्चायती व्यवस्थालाई समेत बिर्साइदिएको छ। यी तथ्यहरूले स्थानीय चुनाव खारेजीको



... बाँकी पृष्ठ ३ मा

रातो खबर साप्ताहिक

## सम्पादकीय

# कालीकोटमा निन्दनीय हत्या र दमन

दलाल संसदीय व्यवस्था खारेजअभियानमा सङ्घर्षरत जनता र पार्टी कार्यकर्तामाथि निकृष्ट दमन र हत्याअभियान सञ्चालन गरेर आखिर पुष्पकमल दाहालले आफू चरम फासिवादी भएको प्रमाणित गरेरै छाडे । दलाल संसदीय व्यवस्थालाई खारेज गर्ने अभियानमा क्रियाशील कालीकोट माल्कोटका जनताले चुनाव खारेज गरेपछि दाहाल सरकार फासिस्ट शैलीमा जनताका विरुद्ध उत्रियो र बर्बरतापूर्वक हत्याकार्यमा लाग्यो । सरकारी दमनका विरुद्ध जनताले प्रतिरोध गर्दा प्रहरीले माल्कोटका युवा धनरूप बटलाको हत्या गऱ्यो । सङ्कटग्रस्त दलाल संसद्वाद र त्यसको रक्षाका लागि दाहाल सरकारले गराउन लागेको कथित स्थानीय चुनाव खारेजका लागि नेपाल कम्युनिस्ट पार्टीले नेतृत्व गरेको प्रतिरोध आन्दोलनमा मारिएका बटलालाई नेपाल कम्युनिस्ट पार्टीले सहिद घोषणा गर्दै हत्या, दमन र धरपकडविरुद्ध देशव्यापी आन्दोलन सञ्चालन गर्ने निर्णय गरेको छ । दलाल सत्ताविरुद्ध सञ्चालित आन्दोलनलाई जनताले साथ दिने कुरामा विश्वस्त हुनुपर्छ किनकि ३० गतेको नेपाल बन्द र दलाल संसद्वादी सत्ताका विरुद्ध देशव्यापी सञ्चालित जनकारबाहीहरूमा जनताको उत्साहपूर्ण सहभागिता र समर्थनले यसलाई प्रमाणित गरिसकेको छ । नेपाली जनता र तिनका असली प्रतिनिधिहरू यतिबेला दलाल संसद्वादको अन्त्यका लागि सञ्चालित अभियान र आन्दोलनका क्रममा प्रतिक्रियावादी सत्ताको क्रूर हिरासत र जेलमा एकीकृत जनक्रान्तिका योजना बुनिरहेका छन् । क्रान्तिकारीहरू हार्नका लागि होइन, जित्नका लागि भिन्नै धातुले निर्माण भएका योद्धाहरू हुन् । त्यसैले दलाल दाहाल सरकारको क्रूर दमन र हत्या अभियानबाट ती कत्ति पनि विचलित हुने छैनन् किनकि देशभर चर्को दमन र भीषण हस्तक्षेपलाई परास्त गर्दै नेकपाका नेता, कार्यकर्ता र जनताले यो फासिवादी र दलाल सत्तालाई दह्रो चुनौती दिएका छन् ।

यतिबेला नेकपाका दुईजना केन्द्रीय सदस्यसहित विभिन्न जिम्मेवारी समालेका दुई सयभन्दा बढी नेता र कार्यकर्ता दलाल दाहाल सरकारको कठोर हिरासतको सामना गरिरहनुभएको छ । कालीकोटमा जनप्रतिरोध अभियानकै क्रममा बमबहादुर विश्वकर्मा, कुलबहादुर बटला, दानबहादुर बटलालगायत गम्भीर घाइते हुनुभयो । यो क्रम देशभर जारी छ । मर्ने बेलामा कमिलाका प्वाँख उम्रिन्छन् भन्ने नेपाली उखान चरितार्थ गर्दै निभ्ने बेलाको दलाल संसद्वादको गोटी दाहाल सरकारले जनता र नेकपाका नेता-कार्यकर्तामाथि चरम र बर्बर दमन गरेर आफ्नो सरकार मात्र होइन, सत्ताकै आयुसमेत सकिन लागेको सङ्केत गरेको छ । नेकपाका महासचिव विप्लवले फासिवादी सरकारको दमन र हत्यानीति विरुद्ध विज्ञप्ति प्रकाशित गर्दै जनविरोधी दलाल संसदीय व्यवस्थाविरुद्ध विद्रोह गर्नु जनताको अधिकार रहेको प्रस्ट पार्नुभएको छ । उहाँले जनअधिकारको सम्मान गर्नुको साटो श्रमिक जनतामाथि फासिवादी दमन गर्नुले राज्यको फासिवादी चरित्र उदाङ्गो भएको र दाहाल सरकारले दृढतापूर्वक जनयुद्ध लडेका र अपूरणीय बलिदान गरेका माल्कोटे जनतामाथि आपराधिक शैलीमा दमन गर्नु हदैसम्मको निन्दनीय कार्य भएकाले यसले दाहाल प्रतिक्रियावादी सत्ताको दलदलमा फस्दै गएको प्रमाणका रूपमा प्रस्तुत गर्नुभएको छ । नेपाल कम्युनिस्ट पार्टीले दाहाल नेतृत्वको सरकारको यसप्रकारको कायरतापूर्ण हत्याकाण्डको घोर निन्दा र भर्त्सना गर्दै कालीकोट, माल्कोटका जनताको विद्रोह श्रमिक जनताको मुक्तिको महान् मार्ग रहेको संश्लेषण पनि गरेको छ । नेकपाले जनयुद्धका प्रस्ताव र बलिदानहरूलाई अपमान गर्ने, प्रतिक्रान्ति लाद्ने दलाल संसदीय व्यवस्थाका विरुद्ध विद्रोह गर्न र माल्कोटका जनताले लिएको क्रान्तिकारी बाटो अनुसरण गर्दै अघि बढ्न सबै श्रमिक जनतालाई आह्वान पनि गरेको छ । नेकपाले माल्कोटका जनताको विद्रोहलाई गौरवका साथ अभिवादन गर्दै उक्त सङ्घर्षमा मृत्युवरण गर्ने धनरूप बटलालाई नेपाली क्रान्तिका महान् सहिद घोषणा गरेको छ । त्यसैगरी दाहाल सरकारको उक्त दमनको उचित प्रतिरोध गरिछाड्ने प्रतिबद्धता पनि व्यक्त गरेको छ ।

नेपाली जनताले राष्ट्रियता, जनतन्त्र र जनजीविकाको प्राप्ति र रक्षाका लागि लामो समयदेखि निरन्तर सम्झौताहीन सङ्घर्ष गर्दै आएका छन् । नेपाल निर्माणका लागि अङ्ग्रेज शासकविरुद्ध लडेर संसारभर देशभक्ति र बहादुरीको गाथा निर्माण गरेका नेपाली जनता कहिल्यै पनि शासकहरूका अन्याय, अत्याचार र दमनसामु झुकेका छैनन् । लखन थापाले जङ्गबहादुर राणाको अत्याचारविरुद्ध गरेको विद्रोह होस् वा गङ्गालाल-कृष्णलाल-शुक्रराज, दशरथ, धर्मभक्तहरूले राणाशासनका विरुद्ध गरेको बलिदान होस्, चिनियाँकाजीले दिल्लीसम्झौताविरुद्ध गरेको बलिदानी होस् वा भीमदत्त पन्तले गरेको बलिदानी होस्, झापा विद्रोह, सुखानी र भिमानको बलिदानदेखि महान् जनयुद्धसम्म दसौँ हजार जनताले अत्याचार, दमन र शोषणका विरुद्ध गरेको बलिदानीले जस्तासुकै खुँखार तानाशाहहरूलाई पनि झुकाएको छ । जनताको विद्रोहका विरुद्ध संसारकै तानाशाहहरू पनि समाप्त भएको इतिहास हाम्रासामु छ । यो कुरा हिजो जनयुद्ध जारी रहँदासम्म पुष्पकमल दाहालले पनि भन्ने गरेका थिए तर आज उनी वर्ग बदलेर दलाल संसद्वादी व्यवस्थाको रक्षक बनेका छन् र त्यो व्यवस्थाको अन्त्यका लागि विद्रोह गरिरहेका जनतामाथि बर्बर दमन गर्दै गोली प्रहार गरेर हत्याअभियानमा उत्रिएका छन् । यो उनको प्रतिक्रियावादमा पतनको निकृष्ट नमुना हो । संसारकै प्रतिक्रियावादीहरूले देखाएको सार्वभौम चरित्र के हो भने प्रतिक्रियावादीहरू आफू नसिद्धिउन्जेल प्रतिगामी हर्कत दोहोऱ्याइरहन्छन् । पुष्पकमल दाहालले पनि साम्राज्यवाद र तिनका मतियारहरूको गोटी बनेर यो प्रमाणित गरेका छन् । यसै विषयलाई संश्लेषण गर्दै नेकपाका महासचिव विप्लवले संश्लेषण गर्नुभएको छ, ' जनअधिकारका लागि भएको बलिदान कहिल्यै खेर गएको छैन । जनताको हरेक थोपा रगतले दुस्मनका विरुद्धको लडाइँलाई नयाँ उचाइमा पुऱ्याएको इतिहास छ । माल्कोटका जनताको यो बलिदानले दलाल संसदीय व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न महत्वपूर्ण योगदान गर्नेछ ।' दलाल दाहाल सरकारको दमन र हत्या अभियानका विरुद्ध जारी सङ्घर्ष र दलाल र हत्याराहरू जन्माएर पाल्ने-पोस्ने यो व्यवस्थाका विरुद्ध एक भएर सङ्घर्षमा उत्रिनु देशभक्त, न्यायप्रेमी जनताको मूल दायित्व बनेको छ ।

## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# पतनको पराकाष्ठामा प्रचण्ड समूह


समीर यात्री

*मोदी सँग 'केमेस्ट्री' मिलेको निर्लज्जतापूर्वक घोषणा गर्दै हिँड्ने प्रचण्ड र भारतीयहरुसामु म तपाईंहरुकै छोरो हुँ भन्दै बेसरम बत्तुराउने देउवालाई एउटै जुवामा नारेर यतिबेला भारतीय साम्राज्यवादले तीव्र गतिमा सिक्किमीकरणको बयलगाडा हाँकिरहेको छ । यस अर्थमा राष्ट्रिय स्वाधीनता, अखण्डता र सार्वभौमिकता इतिहासमै सबैभन्दा ठूलो सङ्कटमा परेका छन् ।*

माओवादी आन्दोलनको कचडाका रूपमा रहेको माओवादी केन्द्र स्खलन र विचलनको तीव्रतासँगै पतनको पराकाष्ठामा पुगेको छ । विश्व कम्युनिस्ट आन्दोलनमा संशोधनवादमा पतन भएको सुधारवादी कम्युनिस्ट धाराहरू पनि राष्ट्रियताको मामलामा धेरै हदसम्म इमानदार रहेको देखिन्छ । तर यहाँ माओवादी केन्द्र वर्गीय र राष्ट्रिय आत्मसमर्पणवादमा पतन हुँदै निर्लज्जतापूर्वक दिल्ली दरबारको बफादार नोकरमा परिणत भएको छ । जनयुद्धको उत्तरार्द्धमा प्रचण्ड-बाबुरामले भारतीय प्र.म. मनमोहन सिंह र सोनिया गान्धीको पाउमा चढाएको बिन्तीपत्रको रहस्य आज छर्लङ्ग भएको छ ।

माओवादी केन्द्रको पतन बहुआयामिक छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूलाई आधार बनाएर जनयुद्धको नेतृत्व गरेको पार्टी विभाजित हुनु र आन्दोलन विसर्जन हुनुमा त्यसको मूल नेतृत्व प्रचण्डसहितको ठूलो हिस्सामा आएको विचलन जिम्मेवार छ । माओवादी कार्यकर्ता र शुभचिन्तकहरूको ठूलो हिस्साले अहिले पनि पार्टी विभाजित हुनु र आन्दोलन रक्षात्मक बन्न पुग्नुमा ठूलो चिन्ता र दुःखको अनुभूति गरिरहेको छ । निश्चय नै यो सुखद पक्ष होइन, गम्भीर विडम्बना र दुःखकै विषय हो । तर पनि नेपाली क्रान्तिकारी आन्दोलनभित्रको गम्भीर दुर्घटनालाई ठीक ढङ्गले बुझ्ने र यसबाट पाठ सिक्दै अगाडि बढ्न दृढ सङ्कल्प गर्नुको विकल्प छैन ।

### आखिर किन भयो पार्टी विभाजन ?

पार्टी विभाजन हुनुका खास कारण छन् । यी कारणहरू बुझ्नका लागि इतिहासका केही शृङ्खला हेरौँ । पहिलो, जनयुद्धको विकासको एउटा निश्चित चरणमा साम्राज्यवाद विस्तारवादसँग लडाइँ आमनेसामने हुन पुगेपछि कार्यदिशालाई नयाँ उचाइमा विकास गरेर मात्र अगाडि बढ्न सम्भव हुन्थ्यो, तत्कालीन नेतृत्वले त्यो सामर्थ्य राख्न नसकेपछि सुरक्षित अवतरणको बाटो रोज्यो । चुनबाङ बैठकद्वारा यसको ढोका खोलियो । त्यतिखेर स्पष्ट रूपले भनियो- संसद्वादीहरूसँग सहकार्य गरी राजतन्त्रको अन्त्य गरिसकेपछि स्थापित हुने लोकतान्त्रिक गणतन्त्रको चरित्र सङ्क्रमणकालीन हुनेछ । त्यसलाई क्रान्तिकारीहरूले नयाँ जनवादी गणतन्त्रमा बदल्ने कोसिस र संसद्वादीहरूले औपचारिक पुँजीवादी गणतन्त्रमा सीमित राख्ने प्रयत्नबीच रस्साकस्सी चल्नेछ । क्रान्तिकारीहरूले जनताको संविधान बनाउने अवस्था रहेन भने जनविद्रोहमार्फत क्रान्तिको कार्यभार पूरा गर्नुपर्नेछ । स्पष्ट छ, प्रचण्डहरूले पार्टीले यो नीतिसमेत लत्याएर पार्टीको नीति र निर्णयविपरीत आफूखुसी सम्झौता गर्दै सनसत्ता, जनअदालत, जनसेना विघटन र जनयुद्धको विसर्जन गरे । सहिदका सपना र जनताका आकाङ्क्षाप्रति गद्दारी गर्दै कुर्सी स्वार्थका लागि नेपाली जनताका होनहार छोराछोरीहरूको रगतमाथि सौदाबाजी गरे । प्रचण्डहरूको यो एउटा गम्भीर विचलन र अपराध थियो । त्यो स्थितिमा प्रचण्डसँग सम्बन्धविच्छेद गरेर पार्टी, क्रान्ति र जनताका प्रस्तावहरूको रक्षा गर्नु अनिवार्य थियो । क्रान्तिकारीहरूले चालेको कदम ठीक त्यही नै हो ।

दोस्रो, क्रान्तिको परियोजनालाई विसर्जन गर्ने प्रचण्डको यो शृङ्खला नवसंशोधनवाद हुँदै अन्ततः संसद्वादमा पुगेर टुङ्गियो । टुङ्गिनुपूर्व यो संसद्वादको पुच्छरका रूपमा गिरिजाको पछिपछि डोलाइरह्यो । त्यतिखेरै पार्टीभित्र दुई लाइन सङ्घर्ष जटिल बन्दै गयो । प्रचण्डमण्डली झन्पछि झन् अराजक र स्वेच्छाचारी बन्दै पार्टीको नियन्त्रणबाहिर गयो । जनमुक्ति सेनाको क्यान्टोनमेन्टभित्र अर्बौंको आर्थिक हिनामिना प्रचण्डमण्डलीबाटै भयो । पछि त्यो मुद्दा जोगाउन अख्तियारमा प्रवेश गरेपछि त्यसबाट जोगिन महाभ्रष्ट लोकमानसिंह कार्कीलाई नै अख्तियार प्रमुख प्रचण्डले बनाएको र लोकमानले क्यान्टोन्मेन्टको भ्रष्टाचारसम्बन्धी फाइल खोल्न थालेपछि महाभियोग लगाएर हटाएको कुरा सर्वविदितै छ । प्रचण्डका रहस्यमय सम्बन्धहरू र भ्रष्ट आचरणले गर्दा पार्टी खाइदिने खतरा देखिएपछि क्रान्तिकारी झन्डाको रक्षा गर्नुपर्ने ऐतिहासिक आवश्यकताको बीचबाट प्रचण्डमण्डलीसँग सम्बन्धविच्छेद गरी पार्टी पुनर्गठन गरिएको हो । यो बिन्दुसम्म आइपुग्दा प्रचण्डमण्डलीको पीडादायी अवसानले सम्बन्धविच्छेदको औचित्य सानदार ढङ्गले पुष्टि गरिदिएको छ ।

### प्रचण्डसमूह पतनको शृङ्खला

वास्तवमा चुनबाङ बैठकको कार्यानीति संविधानसभा र लोकतान्त्रिक गणतन्त्र प्रचण्डमण्डलीको संसद्वादमा सङ्क्रमणको पुल साबित भयो । यो कार्यानीतिको औचित्य र सान्दर्भिकता पहिलो संविधानसभा विघटनसँगै समाप्त भइसकेको थियो । वस्तुतः योसँगै शान्तिप्रक्रियाको अध्याय पनि समाप्त भइसकेको थियो । त्यहाँसम्म हामी सँगै थियौँ । संविधानसभा र लोकतान्त्रिक गणतन्त्रको क्रान्तिकारी उपादेयता सकिएपछि वस्तुस्थितिले माग गरेअनुरूप नयाँ कार्यनीति विकास गर्नु अनिवार्य थियो । त्यसअनुसार क्रान्तिकारीहरूले जनविद्रोहको कार्यानीतिमा जोड दिने र प्रचण्डमण्डलीले लोकतान्त्रिक गणतन्त्रलाई रणनीति बनाउन खोज्ने बीच दुई लाइन सङ्घर्ष उत्कर्षमा पुग्यो ।

पार्टी विभाजनपछि प्रचण्डसमूहले वैदेशिक शक्तिकेन्द्रहरूको नाङ्गो दलाली गर्न थाल्यो । सत्ताका लागि दिल्ली दरबारलाई रिझाउने निर्लज्ज होडबाजीमा प्रचण्ड समूहको भर्तीले संसद्वादमा पतनको ढोका खोलिदियो । नयाँ जोगीको चालझैँ प्रचण्ड समूहले सबै पुराना संसद्वादीहरूलाई उछिनेर दिल्लीकै योजनामा खिलराज रेग्मीलाई काँधमा बोक्यो र मन्त्रिपरिषद्को अध्यक्ष बनाई दोस्रो संविधानसभाको नाटक मञ्चन गऱ्यो । यहाँसम्म आइपुग्दा प्रचण्डसमूह पूर्णतः वर्गीय र राष्ट्रिय आत्मसमर्पणवादमा पतन भइसकेको थियो ।

पछिल्लो समय प्रचण्डले भारतमा गरेको पच्चीसबुँदे सहमति इतिहासकै सबैभन्दा ठूलो राष्ट्रघात हो । एक, जसले विगतका सबै शासकहरूले गरेका तर कतिपय म्याद गुज्रिसकेका, कतिपय पुनरावलोकनका निम्ति विचाराधीन रहेका सबै असमान तथा अपमानजनक र राष्ट्रघाती सन्धिसम्झौताहरू नवीकरण र कार्यान्वयनका

*प्रचण्डसमूह आषनो विचलन र पतनलाई ढाकछोप गर्दै जनवादी क्रान्तिका कार्यभार पूरा भएको र अब समाजवादमा जाने, राजनीतिक क्रान्ति पूरा भएको र अब आर्थिक समृद्धि गर्नेजस्ता बकबास गर्दै हिँडेको छ । यसले प्रचण्डसमूहको सैद्धान्तिक दिबालियापन र वैचारिक टाटपल्टाइलाई बडो सुन्दर ढङ्गले पुष्टि गरेको छ ।*

लागि ल्याप्चे लगाउने काम गरेको छ । दुई, नेपालको सुरक्षा र स्वतन्त्र परराष्ट्र नीति भारतीय साम्राज्यवादको पोल्टामा हालिदिएको छ । तीन, झट्ट हेर्दा कुनै नदी बेचेको जस्तो प्राविधिक सम्झौता भएको नदेखिने गरी गरिएको यो नीतिगत सहमति नेपाललाई सिक्किमीकरण गर्ने भारतीय गुरुयोजनाकै अभिन्न अङ्ग हो । यस अर्थमा प्रचण्ड समूह नेपाललाई सिक्किमीकरण गर्ने भारतीय रणनीतिक उद्देश्यको बफादार कारिन्दाका रूपमा पतन भएको पुष्टि हुन्छ ।

ओली नेतृत्वको सरकारसँग 'केमेस्टी' नमिलेको भारतीय घोर दक्षिणपन्थी मोदी प्रशासनले ओली सरकार ढाल्ने औजारका रूपमा प्रचण्डलाई प्रयोग गऱ्यो र इतिहासको एउटा जटिल कालखण्डमा ओली सरकारले राष्ट्रियताको मामलामा केही सकारात्मक सुरुआत गरेकै हो । उनको सन्की विवेकबाट धेरै ठूलो अपेक्षा गर्नु त बेठीक नै हुन्थ्यो, तैपनि राष्ट्रियताको मामलामा उनले जुनसुकै नियतले भए पनि लिएको अडानले स्वाभिमानी नेपालीको शिर झुक्न दिएन । यसबीचमा चीनसँग गरिएका व्यापार तथा पारवहन सम्झौता, उत्तरतिरका विभिन्न नाकाहरू खोल्ने सहमति आदिले असफल पार्ने भारतीय डिजाइनअन्तर्गत ओली सरकार ढालियो । प्रचण्ड-देउवा गिरोहको निर्माण यसै उद्देश्यको हास्यास्पद बनोट मात्र हो । ओली सरकारले चीनसँग गरेका सबै सम्झौताहरू यो गिरोहले रद्दीको टोकरीमा फ्याँकिदिनुले यसै कुराको पुष्टि गर्दछ ।

मोदी सँग 'केमेस्ट्री' मिलेको निर्लज्जतापूर्वक घोषणा गर्दै हिँड्ने प्रचण्ड र भारतीयहरूसामु म तपाईंहरूकै छोरो हुँ भन्दै बेसरम बत्तुराउने देउवालाई एउटै जुवामा नारेर यतिबेला भारतीय साम्राज्यवादले तीव्र गतिमा सिक्किमीकरणको बयलगाडा हाँकिरहेको छ । यस अर्थमा राष्ट्रिय स्वाधीनता, अखण्डता र सार्वभौमिकता इतिहासमै सबैभन्दा ठूलो सङ्कटमा परेका छन् । मधेसीहरूलाई मन्छाउने बहानामा ल्याइएको संविधान संशोधन विधेयक एकै सिक्काको अर्को पाटो हो । यो विधेयकले हाम्रा मधेसी समुदायको समस्यासँग कुनै सरोकार राख्दैन । भारतद्वारा प्रायोजित मधेसका केही साहूमहाजनहरू, (जो भारतको यूपी र बिहारकै नागरिक हुन्) का माग सम्बोधन गर्ने नाममा भारतकै डिजाइनमा यो संशोधन प्रस्ताव आएको छ । यसको उद्देश्य सिङ्गो नेपालबाट तराई टुक्र्याउने र किस्ताबन्दीमा विलय गराउने भारतीय रणनीतिकै सेवा गर्नु हो । यो बिन्दुसम्म आइपुग्दा प्रचण्डसमूह घोर राष्ट्रघाती दलालका रूपमा पतन भएको छ ।

आज राष्ट्रिय सङ्क्रमणकालको अन्तिम बिन्दुमा पुगेको छ । तर ठीक उल्टो दिशातिर । दुवै समानान्तर सत्ताका बीचमा सम्झौता भई सङ्क्रमणकालमा प्रवेश गरेको राष्ट्रिय राजनीति प्रचण्डमण्डलीको धोका र गद्दारीसँगै सन्तुलन भत्किएर बिग्रन पुग्यो । प्रचण्डमण्डलीको वर्गीय र राष्ट्रिय आत्मसमर्पणवादमा पतनसँगै जनताका प्रस्तावहरूलाई किनारा लगाउँदै पुरानै प्रतिक्रियावादी संसदीय सत्तालाई सुदृढ गर्ने षड्यन्त्र हाबी भयो । तर क्रान्तिकारी र देशभक्त शक्तिहरूमाथि यहाँका संसद्वादी प्रतिक्रियावादीहरू सहजै हाबी हुन नसक्ने देखेपछि साम्राज्यवादीहरूको शरणमा परेर वैदेशिक हस्तक्षेप निम्त्याउने र उनीहरूकै निर्लज्ज गोटी बन्ने उपक्रम चल्यो । पछिल्लो समयमा देउवा-प्रचण्ड चुनावी साझेदारी यसै शृङ्खलाको विकृत रूप हो ।

वास्तवमा जनयुद्धको परिवर्तनकारी विरासत बोकेका क्रान्तिकारी शक्तिहरूलाई पाखा लगाएर शान्तिप्रक्रियाले पूर्णता पाउन र सङ्क्रमणकालीन राजनीतिलाई सही दिशामा व्यवस्थापन गर्न सम्भव थिएन । तर देशी-विदेशी प्रतिक्रियावादी शक्तिहरू बिकिसकेको प्रचण्डमण्डलीलाई खेलौनाका रूपमा प्रयोग गर्दै यही असम्भव दिशामा देशको राजनीतिलाई बलजफ्ती होम्ने दुस्साहस गरे । जनताको विरोध हुँदाहुँदै कर्फ्यु लगाएर प्रतिक्रियावादी सारतत्वसहितको संविधान जारी गर्ने र त्यही संविधानका आधारमा पुरानै सत्तालाई सुदृढ गर्ने गरी संसद्वादी निर्वाचनको नाटक मञ्चनसम्मका परिघटना यसै शृङ्खलाका उपज हुन् ।

हिजो अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्था रहँदासम्म नेपालको राजनीतिमा सत्ताका दुई केन्द्र थिए : एउटा नारायणहिटी राजदरबार र अर्को दिल्ली दरबार । नेपालका संसद्वादीहरूका लागि यी दुवै मक्कामदिना थिए । नारायणहिटी र दिल्लीको बीचमा सम्झौता र सङ्घर्षको सम्बन्ध थियो । दिल्लीको बाह्रबुँदे सहमतिबाट नेपाल नवऔपनिवेशिक अवस्थामा गयो र राजतन्त्रको अन्त्यपछि संसद्वादी राष्ट्रिय राजनीतिक सत्ताको एकल केन्द्र दिल्ली बन्न पुग्यो । यसरी राजतन्त्रात्मक संसदीय व्यवस्थाको ठाउँ दलाल संसदीय व्यवस्थाले लियो । यस अर्थमा आजको यो गणतन्त्र दलाल गणतन्त्र हो । यसले दलाल राजनीतिक सत्ता र दलाल पुँजीवाद दुवैको प्रतिनिधित्व गर्छ । ऐतिहासिक भौतिकवादी निष्कर्ष यही नै हो ।

तर प्रचण्डसमूह आफ्नो विचलन र पतनलाई ढाकछोप गर्दै जनवादी क्रान्तिका कार्यभार पूरा भएको र अब समाजवादमा जाने, राजनीतिक क्रान्ति पूरा भएको र अब आर्थिक समृद्धि गर्नेजस्ता बकबास गर्दै हिँडेको छ । यसले प्रचण्डसमूहको सैद्धान्तिक दिबालियापन र वैचारिक टाटपल्टाइलाई बडो सुन्दर ढङ्गले पुष्टि गरेको छ ।

कथित स्थानीय नौटङ्की खारेज गर्दै जनताको क्रान्तिकारी विरासत अगाडि बढाउनु यतिबेलाको क्रान्तिकारीहरूको दायित्व हो । जनताको बलिदानीपूर्ण युद्ध- सङ्घर्षमाथि विश्वासघात र गद्दारी गर्दै जनताको थाप्लोमा दलाल संसदीय व्यवस्था थोपर्ने षड्यन्त्र क्रान्तिकारीहरूले कुनै पनि मूल्यमा स्वीकार गर्न सक्तैनन् । यस अर्थमा यो निर्वाचनको नौटङ्की खारेज गर्ने अभियानमा जुटिरहेका क्रान्तिकारीमाथि दलाल संसदीय सत्ताले गैरकानुनी ढङ्गले देशैभरि धरपकड र दमन चलाइरहेको छ । जनता र क्रान्तिकारीहरूमाथि यसप्रकारको आतङ्क सञ्चालन गर्ने हर्कतमा प्रचण्डसमूहभित्रका भ्रष्ट दलाल र प्रतिक्रियावादीहरू मरिमेटेर लागेको कुरा छर्लङ्गै छ । यहाँसम्म आइपुग्दा प्रचण्ड समूह संसदीय फासिवाद र प्रतिक्रान्तिकारी गद्दारका रूपमा पतन भइसकेको तथ्य छर्लङ्ग छ । यो खुसीको कुरा हो, प्रचण्डसमूहको यो पतनको तीव्रताले उसको दयनीय अवसानको गन्तव्यलाई निकट तुल्याइदिएको छ ।

# चुनाव खारेज अभियान सफल भएको छ



**विप्लव, महासचिव , नेपाल कम्युनिस्ट पार्टी**

➲ ***चुनाव खारेज अभियान कस्तो भइरहेको छ ?***

देशैभरि निकै उत्साहका साथ चुनाव खारेज अभियान चलिरहेको छ । राजनीतिक जागरण, भेटघाट, प्रचारप्रसार, प्रतिरोध चलिरहेको छ। यो विरोधको क्रम वैशाख ३० र जेठ ३० गते नेपाल बन्दसम्म पुग्दैछ । चुनाव जनयुद्ध र क्रान्तिको भावनाविपरीत भएकाले जनता पनि यो चुनावका विरुद्ध छन् र हुनुपर्छ । अभियानविरुद्ध राज्यले मनपरी दमन गरिरहेको छ । तर अभियानमा खटिरहनुभएका नेता र कार्यकर्तामा त्यसको कुनै परबाह छैन। आफ्नो जिम्मेवारी पूरा गर्न दिनरात खटिरहनुभएको छ।

➲ ***तपाईंका सयौँ नेता-कार्यकर्ता गिरफ्तार भएका छन् । त्यसको प्रतिरोध गर्ने भन्नुभएको थियो । त्यो प्रतिरोध कस्तो हुन्छ ?***

प्रतिरोधको विषय चुनावसँग मात्र सम्बन्धित छैन । यो खारेज अभियान पनि चुनाव हुँदासम्म मात्र होइन। यो दुई सत्ताको प्रतिस्पर्धा र सङ्घर्षसँग जोडिएको विषय हो । प्रतिरोध आज भइरहेको छ । चुनाव हुँदासम्म हुन्छ । चुनाव सकिएपछि पनि दलाल पुँजीवादी संसदीय व्यवस्थालाई मिल्काउन प्रतिरोध चलिरहनेछ। जहाँसम्म हाम्रा कार्यकर्तालाई गरिएको दमन छ यसको विश्लेषण र अनुसन्धानपछि जुनसुकै पनि प्रतिरोध हुन सक्छ।

हेर्नुस् न, कम्युनिस्ट पार्टीको कार्यकर्ता देख्नेबित्तिकै गिरफ्तार गर्ने प्रचार गरिएको छ र गिरफ्तार पनि गरिएको छ। राति घरमा सुतिरहेका कमरेडहरूलाई लछारपछार पार्दै गिरफ्तार गरिएको छ । यातना दिइएको छ । झूट्टा मुद्दा लगाउने र ठूलोठूलो धरौटी मागिरहेको छ । जेलमा सडाइरहेको छ। यसो भयो भने त्यसरी सताउने व्यक्तिहरू पनि जनताको विरोधी तत्वहरू नै हुन् । जनताले प्रतिरोध गर्नुपर्छ।

➲ ***सरकारले तपाईंका कार्यकर्तालाई देख्नासाथ समात्ने भनेको छ । यसमा तपाईंको प्रतिक्रिया के छ ?***

दलालहरूले आफ्नो भ्रष्टाचार र लुट कायम राख्न दिएका आदेशलाई इमानदार प्रहरी अधिकारी र सदस्यले अस्वीकार गर्नुपर्छ । यी तत्वको पछि लाग्दा जनता र प्रहरीले दुःख पाएको अनुभव छ भने फेरि पनि पाउने हुन्छ । अस्ति कालीकोटमा दलालहरूको कुरा मान्दा के भयो ? जनताले बुद्धि नपुऱ्याएको भए के हुन्थ्यो ? कमजोर छन् कि भनेर जथाभाबी प्रहरी प्रशासनले दमन गर्दा स्थिति जटिल बन्छ । यसमा सबैको ध्यान पुग्नुपर्छ।

➲ ***गिरफ्तारीमा परेका नेता र कार्यकर्ताबारे के भन्नुहुन्छ ?***

हालसम्म केन्द्रीय सदस्य एवम् जनकपुर ब्युरो इञ्चार्ज कमरेड सन्देश पौडेल, वैकल्पिक केन्द्रीय सदस्य कमरेड नारायण महर्जन, बर्दिया इन्चार्ज कमरेड देवकला, दोलखा इञ्चार्ज कमरेड अर्जुन योगी, रुकुम सेक्रेटरी चन्द्र बुढा, कास्की सेक्रेटरी कमरेड जगनलगायत १५० भन्दा बढी कमरेडलाई गिरफ्तार गरेको छ । कमरेडहरूले कुनै बम हानेका होइनन्, गोलाबारीमा गएका होइनन्, पोस्टर टाँस्दा, वालिङ गर्दा समातिनुभएको छ। यस्तो त पञ्चायतमा पनि हुँदैनथ्यो । यो उनीहरूले हल्ला गर्ने राजनीतिक स्वतन्त्रताको विरुद्ध छ। यसलाई मानवअधिकारवादीहरूले समेत विरोध गरिसकेका छन् । राज्यले गिरफ्तार गरेर हामीलाई तर्साउन र जनतालाई आतङ्कित पार्न खोजेको छ । तर कुनै पनि कमरेडहरू सङ्घर्षबाट रत्तिभर विचलित हुनुभएको छैन। जेल, हिरासत पनि सङ्घर्षकै मोर्चा भएकाले त्यहींबाट कमरेडहरू लडिरहनुभएको छ र लडिरहनुपर्छ। क्रान्तिको प्रक्रियामा यो हुन्छ भन्ने हामीले बुझेकै विषय हो । हामी कमरेडहरूलाई छुटाउनेछौँ।

> ***“हाम्रो चुनाव खारेज अभियान केवल यो चुनावसँग मात्र सम्बन्धित छैन । यसको सम्बन्ध दलाल पुँजीवादी संसदीय व्यवस्थालाई अन्त्य गर्ने र वैज्ञानिक समाजवादी राज्यव्यवस्था स्थापना गर्ने प्रक्रियासँग सम्बन्धित छ । यो चुनावको खारेजी त हो नै साथसाथै क्रान्तिकै एक अंश हो । हामी चुनाव खारेज मात्र गर्नेछैनौँ, जनताको सत्ता निर्माण पनि गर्नेछौँ ।***

➲ ***चुनावी गठबन्धनमा राप्रपा र एमाले, माओवादी केन्द्र र काङ्ग्रेसको गठबन्धनलाई कसरी लिनुभएको छ ?***

काङ्ग्रेस, माओवादी केन्द्र र राप्रपाको कमारो सरकार इतिहासकै 'अपवित्र' गठजोड हो । माकेले काङ्ग्रेसलाई प्रमुख दुस्मन मान्छ, राप्रपालाई प्रतिगामी मान्छ तर उसैको नेतृत्वमा सबैलाई देश लुट्ने कार्यमा साझेदारी बनाउँछ र हामीमाथि दमन गर्छ । केही जिल्लामा त हाम्रा कमरेडलाई जेल हाल्नुपर्छ, छोड्नु हुँदैन भन्ने नै माकेका मान्छे छन् भन्ने सुनिन्छ। यो त माकेकै कार्यकर्तालाई पचाउन र मान्न कठिन भएको छ। जहाँसम्म हाम्रो बुझाइको कुरा छ माके यो ठाउँमा पुग्छ भन्ने लागेरै विद्रोह गरिएको हो । हामीले सोचेभन्दा छिटो उनीहरू पतन भए । बाबुरामले कम्युनिस्ट पार्टी नै छोडिसके । प्रचण्डले पनि विचारमा छोडिसके तर नाम माके राखेका छन् । अब त जनताले पनि उनीहरूलाई बुझिसके भन्ने लाग्छ। हामीले विश्वास गरेका छौँ- क्रान्ति अगाडि बढाउन निकै सहज हुनेछ।

➲ ***चुनाव खारेजको अभियानलाई क्रान्तिसँग जोड्ने भन्नुभएको छ । के भन्न खोज्नुभएको हो ?***

मैले पहिला पनि भनेँ, हाम्रो चुनाव खारेज अभियान केवल यो चुनावसँग मात्र सम्बन्धित छैन । यसको सम्बन्ध दलाल पुँजीवादी संसदीय व्यवस्थालाई अन्त्य गर्ने र वैज्ञानिक समाजवादी राज्यव्यवस्था स्थापना गर्ने प्रक्रियासँग सम्बन्धित छ । यो चुनावको खारेजी त हो नै साथसाथै क्रान्तिकै एक अंश हो। हामी चुनाव खारेज मात्र गर्नेछैनौँ, जनताको सत्ता निर्माण पनि गर्नेछौँ । जनताको चुनाव पनि गर्नेछौँ।

➲ ***वैशाख २४ गते अन्य पार्टीबाट नेकपामा ध्रुवीकृत हुनुभयो । यसलाई कसरी लिनुभएको छ ?***

एकदमै राम्रो विषय उठाउनुभयो । हामीले ऐतिहासिक आठौँ महाधिवेशनबाट सबै क्रान्तिकारीहरूलाई ध्रुवीकरण गर्ने निर्णय गऱ्यौँ। साथै क्रान्तिकारीहरूलाई आग्रह पनि गऱ्यौँ। यति सङ्घर्षको चापमा पनि यसपटकको ध्रुवीकरण निकै राम्रो भयो । माकेबाट पीबीएम कमरेड अटल, सीसीएम कमरेड प्रताप, माके लेखक सङ्घका केन्द्रीय वरिष्ठ उपाध्यक्ष यज्ञबहादुर डाँगी, मार्क्सवादीका पीबीएम कमरेड रोजन रखाल र नन्दलाल खरेल, नयाँ शक्तिका सीसीएम कमरेड आमोद, क्रान्तिकारी माओवादीका कमरेड खम्बु चन्दलगायत सयौँ कमरेडहरूसँग ध्रुवीकृत भयौँ। यसले क्रान्तिकारीलाई निकै उत्साहित बनाएको छ। यो क्रम अझै उचाइमा पुग्नेछ। समय क्रममा तपाईंहरूले देखिहाल्नुहुनेछ। ध्रुवीकरणबारे हामी अझै गम्भीर हुनुपर्छ। माकेभित्र र अन्यत्र रहेका क्रान्तिकारी कमरेडहरूले ढिला नगरी सोचविचार गर्नुपर्छ। हामी एक भयौँ भने क्रान्तिको सम्भावना धेरै राम्रो छ।

स्रोत : ई रातोखबर, २८ वैशाख, २०७४

## चुनाव खारेज ...

भए भने कास्की पोखराको लेकसाइडमा भएको विस्फोटनबाट निर्वाचन कार्यालयको पर्खाल ढल्नुका साथै भवनमा क्षति पुग्यो । लमजुङका ठूलोबजार राइसन, भेडेटार, सुन्दरबजार, रुकुमको स्यालापाखा, साँख, काभ्रेका बनेपा, पाँचखाल, बागलुङको सदरमुकाम मुख्य बजारमा पनि बम विस्फोटन भए । यस्तै नुवाकोटको बेलघडी, कालीकोट, नवलपरासीलगायत स्थानहरूमा बम विस्फोट हुनुका साथै शनिबार पृथ्वी राजमार्गसमेत अवरुद्ध रह्यो।

नेकपाद्वारा कतिपय स्थानहरूमा मतदान केन्द्र र निर्वाचन सामग्रीहरू पूर्ण रूपमा कब्जा गरिए । सिन्धुपाल्चोकको हेलम्बुमा र हिमाली जिल्ला मुगुको छायाछत्र नगरपालिकास्थित शोभामा सम्पूर्ण सामग्री (मतपेटिका, मतपत्र, स्वस्तिक छाप) सहित मतदान केन्द्र नै पूर्ण रूपमा कब्जा गरिएको छ। त्यहाँ प्रहरी हतियार नै छोडेर भागेको छ। कालीकोट सल्लारूख गाउँका जनताले पुरानो सत्ताको विरुद्धमा शून्य मतदान गर्दै निवार्चन खारेज अभियानमा सशक्त सहभागिता जनाएका छन्।

यसैबीच नेकपाका महासचिव विप्लवले सरकारले जतिसुकै प्रचार गरे पनि पहिलो चरणको निर्वाचन खारेज अभियान सशक्त प्रकारले सम्पन्न भएको बताउनु भएको छ। हजारौं नेता, कार्यकर्ता र जनता चुनावविरोधी विभिन्न रूपमा खारेज अभियानमा सहभागी भएकाले धन्यवाद दिँदै राज्य तानाशाही तरिकाले दमनमा उत्रिएको बताउनुभएको छ।

**वीरताको नयाँ कीर्तिमान रच्यो कालीकोटले**

**जनताका सामु निरीह बन्यो प्रशासन**

नेकपाले अघि सारेको वैज्ञानिक समाजवादमा पुग्ने एकीकृत जनक्रान्तिको कार्यदिशामा कालीकोटले वीरताको नयाँ कीर्तिमान कायम गरेको छ । कालीकोटमा सक्रिय नेकपाका नेता, कार्यकर्ता र जनताका सामु प्रहरी प्रशासन निरीह बनेको छ। प्रचारप्रसारमा सशस्त्र प्रहरीसहित गाउँ पसेको चुनावी टोलीलाई पत्तासाफ गरेर लखेटेको घटना सेलाउन नपाउँदै आइतबार फेरि माल्कोटमा प्रशासनले नमिठो अनुभव गर्न पुग्यो । नेकपाका कार्यकर्ता र जनताले मालकोटमा निर्वाचन मतपेटिका कब्जामा लिएर जलाइदिएका छन् । आमजनताको हितविपरीत गरिएको निर्वाचनको विरोधस्वरूप जनताले गरेको प्रतिरोधमा प्रहरीले अन्धाधुन्ध गोली चलाउँदा स्थानीय धनरूप बटालाको ज्यानसमेत गयो। प्रहरीले चलाएको गोलीबाट दुवैतिरका गरी झन्डै एक दर्जन व्यक्ति घाइते भए। तीमध्ये कतिपयको अवस्था गम्भीर भएको अस्पताल स्रोत बताउँछ।

ठूलो सङ्ख्यामा आएका माल्कोटका बासिन्दाले प्रहरीलाई र निर्वाचन अधिकृतलगायत कर्मचारीलाई लखेटे । स्थानीयले लखेटेपछि कयौँ प्रहरी सम्पर्कविहीनसमेत भए। कालीकोटका प्रमुख जिल्ला अधिकारी गिरीधारी सुवेदीले धेरै सङ्ख्यामा नेकपाका कार्यकर्ता तथा गाउँले आएको र पानी परिरहेकाले प्रहरीले प्रतिकार गर्न नसकेको भनी निरीहता व्यक्त गरे । साथै उनले त्यहाँ नेकपाका कार्यकर्ताहरूले लगातार बम पड्काइरहेकाले समयमै हेलिकोप्टर अवतरण गर्न नसकेको भनी घुमाउरो ढङ्गले हार स्वीकार गरे।

यसैबीच साह्रा स्थानीय जनता चुनावको विरोधमा उर्लिएको र मानिसको ज्यानसमेत जाने गरी भीषण खालको झडप भएको बेला त्यहाँ भएको नेपाली सेना मौन बस्नुलाई अर्थपूर्ण रूपमा लिइएको छ।

**सयौँ गिरफ्तार**

शान्तिपूर्ण कार्यक्रम गरिरहेकै अवस्थामा नेकपाका सयौँ नेता-कार्यकर्ताहरू गिरफ्तार गरिएका छन् । केन्द्रीय सदस्य सन्देश पौडेल र वैकल्पिक केन्द्रीय सदस्य नारायण महर्जनसहित अहिलेसम्म सयौँ नेतालाई राज्यले गिरफ्तार गरेको छ। देवकला अधिकारी (बर्दिया), अर्जुन योगी (दोलखा), लक्ष्मण उप्रेती (पर्सा) र दीपक श्रेष्ठ (सोलुखम्बु) गरी चारजना जिल्ला इन्चार्जलाई गिरफ्तार गरिएको छ । त्यस्तै नन्दलाल तिवारी (कास्की), उदय राई (सुनसरी), सागर तिमिल्सेना (नुवाकोट), चन्द्र बुढा (रुकुम), राजन धनुके (दोलखा), गोकुल पराजुली (तनहुँ), हरिकृष्ण घिमिरे (सिन्धुली) र मोहन राई (सोलुखम्वु) गरी आठजना जिल्लाका सेक्रेटरीहरूलाई गिरफ्तार गरिएको छ। यस्तै पत्रकार, कवि तथा रसुवा जनसरकार प्रमुख टीपी तमिल्सिना रसुवाली कविसहितएक दर्जनजति पत्रकार र अन्य विभिन्न जनवर्गीय संगठनका नेता-कार्यकर्ता, समर्थक र शुभचिन्तकसहित दुई सयको संख्यामा सरकारले गिरफ्तार गरेको छ। जनपक्षीय सञ्चारमाध्यम रातो खबर साप्ताहिक, ईरातोखबर डटकममाथि आक्रमण गर्नेदेखि लिएर सामाजिक सञ्जाल फेसवुकमा बन्दको समाचार सेयर गरेकै कारण रुकुममा स्कुलका विद्यार्थीलाई धरपकड गरिएको छ।

## स्थानीय चुनाव ...

औचित्यलाई पुष्टि गरिरहेका छन्।

तेस्रो कुरा, चुनावी गठबन्धनले कम्युनिस्ट नामधारी नेकपा (एमाले) र नेकपा (माके) प्रतिक्रियावादमा पतन भएका छन् । एमालेले राप्रपासँग गरेको गठबन्धन र माकेले काङ्ग्रेससँग गरेको गठबन्धनले यही पुष्टि हुन्छ। एमालेको विषय त पुरानो भइसकेको छ। माकेको यो चुनावी गठबन्धन वर्ग-आत्मसमर्पणवाद र राष्ट्रिय आत्मसमर्पणवादको थप प्रमाण हो। एकातिर पुष्पकमलले आफ्नी छोरीलाई मेयरमा जिताउन र अर्कोतिर भारतीय साम्राज्यवादी शासकको विश्वास प्राप्त गर्न यो गठबन्धन गरेका छन् । यो संसदीय व्यवस्थाअन्तर्गतको स्थानीय चुनावमा भाग लिनु भनेको वर्गसमन्वयवादमा फसी भारतीय गुप्तचर संस्था 'र' को स्वार्थ पूरा गर्नु हो। यही कुरामा कथित स्थानीय चुनाव खारेजीको औचित्य रहेको छ।


चौथो कुरा, कम्युनिस्ट पार्टीका नाममा जनतालाई पुँजीवादी संसदीय व्यवस्थाको दलदलमा फसाउने षड्यन्त्रका विरुद्ध एकीकृत जनक्रान्तिद्वारा स्थानीय जनसत्ताहरू निर्माण गर्दै वैज्ञानिक समाजवादमा पुग्ने बाटो स्पष्ट गर्न हाम्रो नेपाल कम्युनिस्ट पार्टीले स्थानीय चुनाव खारेजीको अभियान चलाएको हो । यही स्पष्ट बाटोमा हाम्रो पार्टीका नेता, कार्यकर्ता र जनताहरू अघि बढिरहेका छन् । कम्युनिस्ट लक्ष्य र उद्देश्यतिर लम्केको अभियानलाई अलमल्याउन खोज्ने, भ्रमित पार्ने र षड्यन्त्र गर्नेहरू दलाल पुँजीवादका मतियारहरू तथा साम्राज्यवादका कारिन्दाहरू हुन् जसले कम्युनिस्ट नकाव धारण गरेका छन्। हाम्रो स्थानीय चुनाव खारेजी अभियानले उनीहरूको नकाव च्यातिदिएको छ । पुँजीवादका मतियार र कम्युनिस्टहरूबीच भिन्नताको रेखा स्पष्ट रूपमा खिचिएको छ।

पाँचौँ कुरा, हामीले विचारधारात्मक तथा राजनीतिक र व्यावहारिक रूपले जनता र जनताका मित्रहरूबीच पार्टीको मार्गदर्शक सिद्धान्त, कार्यदिशा र कार्यक्रम स्पष्ट पार्दै गएका छौँ । परिणामस्वरूप विचारले भौतिक रूप लिँदै गएको छ । जनसत्ता, जनसङ्गठन र जनकारबाहीहरूमा यो कुरा प्रकट भएको छ। कुल मतदाता सङ्ख्याको ६० प्रतिशतले प्रथम चरणको मतदानमा भाग नलिनु, मतदान गर्न गएकाहरूमा पनि कुनै जाँगर नहुनु, कतिपय बुथहरू जनताद्वारा फ्याँकिनु, उम्मेदवारको घरमा कालोझन्डा गाडिनु, संसद्वादी पार्टीहरू आपसमै कुटपिटमा उत्रनु र कतिपय ठाउँमा आपसमा गोली हानाहानसमेत हुनु हाम्रो कार्यदिशाका असरहरू हुन्।

अतः जनयुद्धको लक्ष्य र उद्देश्यलाई पुनर्स्थापित गर्न, नेपाल राष्ट्रलाई साम्राज्यवादबाट बचाउन, वर्गसमन्वयवादका विरुद्ध लड्न, यो सरकारको फासिवादी चरित्र नङ्ग्याउन, वैज्ञानिक समाजवादको बाटो अलमलिन नदिई क्रान्ति अघि बढाउन हाम्रो पार्टीले कथित स्थानीय चुनाव खारेजी अभियान अघि बढाइरहेको छ । 'एकीकृत जनजागरण तथा प्रतिरोध अभियान' मा अघि बढौँ । मालकोटका जनताले प्रस्तुत गरेको चम्किलो बाटोलाई अभिनन्दन गर्दै अघि बढ्नु हाम्रो कर्तव्य हो।

# महान् अक्टोबर क्रान्तिको विश्वव्यापी ऐतिहासिक महत्व

*(२०७४ वैशाख ९ गते लेनिन जयन्तीको उपलक्ष्यमा आयोजित संयुक्त अन्तरक्रिया कार्यक्रममा नेकपा(क्रान्तिकारी माओवादी)का अध्यक्ष क. मोहन वैद्य 'किरण'द्वारा प्रस्तुत अवधारणा-पत्र)*



मोहन वैद्य 'किरण'

१- रुसमा सर्वहारा वर्गको नेतृत्वमा पुरानो क्यालेन्डर अनुसार १९१७ को २५ अक्टोबर र नयाँ क्यालेन्डर अनुसार ७ नवेम्बरमा समाजवादी क्रान्ति सम्पन्न भयो । सवै खाले सामन्ती अवशेषसहित पुँजीपतिवर्गका विरुद्ध परिलक्षित यो क्रान्ति विश्वक्रान्तिको इतिहासमा एक नयाँ युगको सूत्रपात थियो । यो वर्ष संसारभर महान् अक्टोबर क्रान्तिको शतवार्षिकी विभिन्न कार्यक्रमका साथ मनाउने काम भइरहेको छ ।

२- अक्टोबर क्रान्ति मार्क्सवादको सफल प्रयोग थियो । मार्क्सले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, सर्वहारा वर्गको राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका रूपमा मार्क्सवादको सैद्धान्तिक प्रतिपादन गर्नुभएको थियो । लेनिनले रुसी धर्तीमा सफलतापूर्वक मार्क्सवादको प्रयोग गर्नुभयो र यस क्रममा मार्क्सवादलाई मार्क्सवाद-लेनिनवादका रूपमा विकसित समेत तुल्याउनु भयो ।

३- सोभियत रुसमा सम्पन्न महान् अक्टोबर क्रान्तिको सफलताले सिङ्गो विश्वलाई प्रभावित तुल्यायो । यस ऐतिहासिक घटनाबाट प्रभावित भई एकातिर विश्वका बाँकी विभिन्न देशहरूमा कम्युनिस्ट पार्टी निर्माणको प्रक्रिया तिव्र गतिमा अगाडि बढ्यो भने अर्कोतिर सर्वहारा वर्गको नेतृत्वमा जनवादी तथा समाजवादी क्रान्तिको तयारीको प्रक्रिया पनि सशक्त ढङ्गले विकसित हुँदै गयो । यसै क्रममा हाम्रा दुई छिमेकी मुलुक चीन र भारतमा पनि कम्युनिस्ट पार्टीको स्थापना भयो । चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भए पश्चात् नेपालमा पनि आजकै दिन अर्थात् २००६ साल वैसाखमा लेनिनको जन्मदिन २२अप्रिलमा कम्युनिस्ट पार्टीको स्थापना हुन पुग्यो ।

४- रुसमा १९१७ फरबरीमा पुँजीवादी क्रान्ति सम्पन्नभयो । बोल्सेविक पार्टी अस्थायी सरकारमा सामेल भएन । लेनिनले प्रतिक्रियावादी राज्यसत्ता, व्यवस्था र सरकारको दृढतापूर्वक विरोध तथा भण्डाफोर गर्दै समाजवादी क्रान्तिको तयारीमा विशेष जोड दिनुभयो । अन्ततः वहाँले "सारा सत्ता सोभियतहरूको हातमा" भन्ने नारा दिनु भयो । सशस्त्र दस्ता र सेनाका क्रान्तिकारी सिपाहीहरूलाई संगठित तुल्याउँदै सशस्त्र जनविद्रोह मार्फत् महान् अक्टोबर क्रान्तिसम्पन्न गर्नुभयो । यस क्रान्तिले बुर्जुवा जनवादमाथि धावाबोल्दै तथा त्यससित सम्बन्ध विच्छेदगर्दै सर्वहारा जनवादअर्थात् सर्वहारावर्गको अधिनायकत्वलाई जन्मदिई विश्व इतिहासमा नयाँ युगको उद्घाटन गऱ्यो ।

५- रुसमा समाजवादी क्रान्ति सम्पन्न हुनुका पछाडि लामो आत्मगत तयारीको महत्वपूर्ण भूमिका रहेको छ । लेनिनले एकातिर क्रान्तिका लागि क्रान्तिकारी सिद्धान्त र अर्कोतिर क्रान्तिकारी पार्टी अनिवार्य रूपमा आवश्यक हुने कुरा वताउनु भएको थियो । यस निम्ति वहाँले मार्क्सवादको रक्षा, प्रयोग तथा विकासका साथमा संशोधनवादको विरोध तथा भण्डाफोर गर्नुभयो । यस सन्दर्भमा वहाँले एकातिर दोस्रो अन्तराष्ट्रियका संशोधनवादीहरूसित सम्बध विच्छेद गरी नयाँ ढङ्गको कम्युनिस्ट पार्टीको निर्माण गर्नु भयो भने अर्कोतिर पार्टीभित्र विद्यमान दक्षिणपंथी, मध्यपंथी तथा उग्रवामपंथी प्रवृत्तिका विरुद्ध कडा विचारधारात्मक सङ्घर्ष पनि चलाउनु भयो ।



६- महान् अक्टोबर क्रान्तिका लागि पहिलो सामाज्यवादी विश्वयुद्धका बिचवाट वस्तुगत आधार तयार बन्दै गएको थियो । लेनिनले एकातिर संकटग्रस्त साम्राज्यवादको सही विश्लेषण गर्नु भयो भने अर्कोतिर परस्पर युद्धरत साम्राज्यवादीहरूका विचको अन्तरविरोधलाई सही ढंगले संश्लेषण गर्दै साम्राज्यवादी युद्धलाई गृहयुद्धमा बदल्ने नीति अवलम्वन गर्नुभयो । यसरी संकटग्रस्त साम्राज्यवाद तथा सर्वहारा क्रान्तिका विशेषतालाई सही ढंगले आत्मसात गरियो र क्रान्तिको सही कार्यदिशा, रणनीति एवम् कार्यनीति निर्धारण गरी कार्यान्वयन तथा प्रयोगमा जाने काम भयो ।

७- रुसमा पुँजीवादी जनवादी र समाजवादी क्रान्ति एक अर्काका कडीका रूपमा विकसित तथा सम्पन्न भए । रुसमा सम्पन्न पुँजीवादी जनवादी क्रान्तिका मूल कार्यभार राजतन्त्र, सामन्ती वर्गभेद, सामन्ती भूस्वामित्व, महिला, जातीय एवम् धार्मिक उत्पीडन सहितका मध्ययुगीन अवशेषहरूको अन्त्यगरी जनताको जनवादी राज्यसत्ता स्थापनागर्नु थियो । अक्टोबर क्रान्तिले फरवरी क्रान्तिमा पुरा हुन नसकेका ती कार्यभारलाई पूर्णता प्रदान गर्नुका साथै सम्पूर्ण जमिनको राष्ट्रियकरण, पूँजीपति वर्गको संपत्ति कब्जा, कलकारखाना, रेलवे एवम् ब्याङ्कहरूलाई सम्पूर्ण जनता तथा सार्वजनिक सम्पत्तिमा परिणत गऱ्यो र पूँजीपतिवर्गको राज्यसत्तालाई ध्वस्तपारी मजदुरवर्ग, गरीव किसान सहितको समाजवादी राज्यसत्ताको निर्माण गऱ्यो र समाजवाद निर्माणको प्रक्रियालाई अगाडि वढायो ।

८- लेनिनको निधन पश्चात् स्तालिनको नेतृत्वमा समाजवाद निर्माणको प्रक्रिया विकसित हुँदैगयो । आन्तरिक र बाह्य दुवै प्रकारका खतरासित जुध्दै कतिपय कमी, कमजोरी र सीमासहित स्तालिनले एकातिर रुसमा समाजवादको निर्माण र अर्कोतिर अन्तराष्ट्रिय कम्युनिस्ट आन्दोलनको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो । यसै क्रममा दोस्रो विश्वयुद्धमा फासिवादका विरुद्धको लडाइँमा शानदार विजय हासिलगर्दै समाजवादको रक्षा समेत गर्नु भयो । यसै सिलसिलामा चीन, भियतनाम, कोरिया तथापूर्वी योरोप सहितका देशहरू पुँजीवादी क्रान्ति सम्पन्न गर्दै समाजवादतर्फ अघिबढे ।

९- स्तालिनको निधन पश्चात् सोभियत रुसमा आधुनिक संशोधनवाद विजयी बन्यो र समाजवादी रुस सामाजिक साम्राज्यवादमा बदलियो । माओले एकातिर आधुनिक संशोधनवादका विरुद्ध विचारधारात्मक सङ्घर्ष चलाउँदै अन्तराष्ट्रिय कम्युनिस्ट अन्दोलनलाई दिशाबोध गर्नुभयो भने अर्कोतिर चीनमा महान् सर्वहारा सास्कृतिक क्रान्तिका बिचवाट समाजवाद निर्माणको प्रक्रियालाई अगाडि बढाउनु भयो ।

१०- गम्भीर दुःखको कुरा, अनेकौं वस्तुगत तथा आत्मगत जटिलता, साम्राज्यवाद तथा दक्षिणपंथी संशोधनवादद्वारा चौतर्फी हमला र क्रान्तिकारी कम्युनिस्टहरूद्वारा तिनको सामना गर्न नसक्नुको कारण समाजवादले गंभीर धक्का र पराजय भोग्नु पऱ्यो । क्रान्तिका विरुद्ध प्रतिक्रान्ति विजयी बन्यो । नाम मात्रको भए पनि सोभियत रुस समेत ढल्यो । विश्वमा साम्राज्यवादी र प्रतिक्रियावादीहरूले इतिहास तथा साम्यवादको अन्त्य र पुँजीवाद विजयी बनेको दुन्दुभीबजाए ।

११- यद्यपि आज विश्वमा नवउपनिवेशवाद तथा नवउदारवादका साथमा भूमण्डलीकृत साम्राज्यवादको हैकम तथा उत्पीडन प्रभावी रहेको छ र अन्तराष्ट्रिय कम्युनिस्ट आन्दोलन पनि कमजोर अवस्थामा छ । आज विश्व र नेपाली कम्युनिस्ट आन्दोलनमा पनि क्रान्तिका लागि दक्षिणपन्थी संशोधनवाद प्रमुख खतरा रहेकोछ । परन्तु, यो अस्थायी र क्षणिक कुरा हो । अहिले साम्राज्यवाद एकातिर गंभीर आर्थिक, राजनीतिक तथा सांस्कृतिक संकटमा फँस्तै तथा दुई वा बहुध्रुवीय अन्तर्विरोधहरूमा जेलिदै गएको छ भने अर्कोतिर विश्वमा राष्ट्रिय मुक्ति, जनवादी तथा समाजवादी आन्दोलन पनि आफ्नो गतिमा विकसित हुँदै गएका छन् । नयाँ अन्तराष्ट्रिय कम्युनिस्ट आन्दोलनको निर्माणको दिशामा पनि विभिन्न रूपमा आवश्यक पहल भइरहेका छन् । आज विश्वमा क्रान्ति र कम्युनिस्ट आन्दोलन बक्रगतिमा विकसित हुँदै गइरहेको छ । अहिले जेजति जटिल समस्या देखिए पनि अन्ततः संकटग्रस्त साम्राज्यवादको विकल्प वैज्ञानिक समाजवाद नै हो र त्यसको भविष्य समुज्ज्वल छ । इतिहासको द्वन्द्ववादले यही कुरा बताउँछ । नेपालका सन्दर्भमा पनि यही नै सत्य हो ।

१२- कम्युनिस्ट पार्टीको स्थापना भएयता विभिन्न आन्दोलनहरूका बिचवाट जनतामा साम्यवादको प्रभाव सशक्त रूपमा पर्दै आएको छ । देशमा विभिन्न जन आन्दोलन तथा दशवर्षको जनयुद्धको प्रक्रियामा जनताका छोराछोरीले ठुलो मात्रामा सहादत प्राप्त गरेका छन् । परन्तु, दक्षिणपंथी संशोधनवादको प्रभाव, विभाजन तथा क्रान्तिकारीहरूका कमी एवम् सिमाका कारण आन्दोलनमा गुणत्मक उपलव्धि हासिल गर्न सकिएको छैन । फलतः जनताको जनवादी राज्यसत्ताको स्थापना हुन सकेन । आज विश्वका साथै नेपालमा पनि क्रान्तिका लागि वस्तुगत परिस्थिति अनुकूल बन्दै गए पनि आत्मगत स्थिति भने कमजोर नै रहेको छ ।

१३- आज हामी पार्टी स्थापना दिवसको ऐतिहासिक अवसरमा महान् अक्टोबर समाजवादी क्रान्तिको शतवार्षिकी विभिन्न कार्यक्रमका साथमा मनाउँदै अघि बढिरहेका छौ । यो वेला हामी विगतका समाजवादी तथा जनवादी क्रान्ति र कम्युनिस्ट आन्दोलनको इतिहासका सबल तथा दुर्बल पक्षको गंभीर समीक्षागर्दै तथा विगतका अनुभवहरूवाट आवश्यक शिक्षालिँदै आफ्नो ऐतिहासिक दायित्व निर्वाहगर्ने दिशातर्फ दृढतापूर्वक अगाडि बढ्न जरुरी छ ।

१४- मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शनमा सच्चा क्रान्तिकारी कम्युनिस्टहरूलाई एकताबद्ध गर्दै नयाँ ढंगको कम्युनिस्ट पार्टी निर्माण गर्नु, सर्वहारा वर्गतथा उत्पीडित जनसमुदायलाई एकताबद्ध तुल्याउनु, नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवादतर्फ अगाडि बढ्नका लागि आवश्यक तयारीमा लाग्नु र नयाँ कम्युनिस्ट अन्तराष्ट्रिय पुनः संगठित गर्नका लागि जोडदिनु- यी नै आज हामीलाई इतिहासले सुम्पेका विशिष्ट कार्यभार तथा दायित्व हुन् । यस प्रकारका ऐतिहासिक कार्यभार तथा दायित्व निर्वाह गर्नका लागि हाम्रो पार्टी दृढप्रतिबद्धता जाहेर गर्दछ । ठिक यहींनेर नै महान् अक्टोबर क्रान्तिको शतवार्षिकी कार्यक्रम आयोजना तथा सम्पन्न गर्नुको औचित्य वा सार्थकता सन्निहित छ । महान् अक्टोबर क्रान्तिको रातो झण्डा अपराजेय छ । आउनुहोस्, दृढतापूर्वक अगाडि वढौ ! महान् अक्टोबर क्रान्ति - जिन्दावाद ! दलाल तथा नोकरशाहीपुँजीवाद, सामन्तवाद, साम्राज्यवाद, विस्तारवाद र संशोधनवाद - मुर्दावाद! सर्वहारा अन्तर्राष्ट्रियतावाद - जिन्दावाद !

## देशव्यापी रूपमा गरिएका ज्यादतीको विरोध

### जेठ ५ गते शोक सभा हुने

राज्यद्वारा कालिकोट लगायत देशैभरी गरिएका ज्यादतीको विरुद्धमा नेकपाले विरोध प्रदर्शन गरेको छ । चुनाव विरोधी गतिविधी गरेको भन्दै कालिकोटको मालकोटमा प्रहरीले चलाएको गोलीबाट स्थानिय धनरूप वटालाको ज्यान गएको र देशै भरी राज्यद्वारा गरिएका ज्यादतीको विरुद्धमा मंगलवार देशव्यापी रूपमा विरोध प्रर्दशन कार्यक्रम गरेको हो ।

यसैविच कालीकोट घटनाको विषयलाई लिएर नेकपाका महासचिव विप्लवले एक प्रेस विज्ञप्ती जारी गर्दै राज्यले गरेको दमनका विरुद्ध प्रतिरोध गर्दा कालिकोटमा एक जनाको ज्यान जानुका साथै आफना कार्यकर्ताहरू र समर्थकहरू घाइते समेत भएको वताउनु भएको छ । उहाँले आफना कार्यकर्ताहरू बम बहादुर विक, कुल बहादुर बटाला र दानबहादुर वटाला प्रहरीको गोलीबाट घाइते भएको भन्दै दमनमा विरुद्ध प्रतिरोध गरिने वताउनु भएको छ । श्रमिक जनतामाथि दमन गर्नु प्रचण्ड सरकारको फाँसीवादी चरित्रको उदाङ्गगोरूप भएको वताउदै विप्लवले यस्तो कायरतापूर्ण हत्कण्ठाको भर्त्सना गर्नु गर्नुभएको छ । जनयुद्धमा अर्पूव त्याग तपस्या र योगदान गरेका कालीकोटका जनताको यसपटकको विद्रोहलाई गौरवका साथ अभिवादन व्यक्त गर्दै उहाँले यही जेष्ठ ५ गते देशव्यापी रूपमा शोक सभा गर्न पनि आफनो आम पार्टी पंक्तिलाई निद्रेशन गर्नुभएको छ ।यसैविच कालिकोटको मालकोटमै घर भएका नेकपाका स्थायी समिति सदस्य प्रकाण्डले कालीकोट घटनाको विषयमा बोल्दै त्यसको वदला लिएरै छोडिने प्रतिक्रिया व्यक्त गर्नुभएको छ ।


नेकपाले आफुले शान्तिपूर्ण रूपमा विरोधका कार्यक्रमहरू गरिरहेको वेला राज्यले नेता कार्यकर्ताहरूलाई गिरप्तार, धरपकट जस्ता हर्कतहरू गरिरहेको वताएको छ । नेकपाका विभिन्न राज्य र जिल्लाहरूले पनि प्रेस बक्तव्यहरू जारी गर्दै सरकारलाई यस्ता हर्ककहरू वन्द गर्न चेतावनी दिइहरेका छन् ।

# सुदूरपूर्वको भाग्य

लिशा (Lisha)

**रुसको पुर्वी क्षेत्रको विकास योजनाले चीन-रुसको आपसी सहयोगमा नयाँ स्थान प्रदान गर्दछ**

सन् २०१२ मा भ्लादिमिर पुटिनले रुसको राष्ट्रपतीय पद पुनः ग्रहण गरेदेखि देशको पूर्वी क्षेत्रको विकास राष्ट्रिय रणनीतिक प्राथमिकतामा परेको छ। त्यस नीतिको फेरबदलले रुसी पूर्वी क्षेत्रको आर्थिक वृद्धि विकास र सहरी विकासमा नयाँनयाँ अवसर ल्याउनुका साथै चीन र रुसबीच क्षेत्रीय आपसी सहयोगमा यथेष्ट स्थान प्रदान गरेको छ।




### अत्यन्त ठूलो सम्भाव्यता

रुसको पूर्वी क्षेत्र मुख्य गरेर देशको साइबेरियाली सङ्घीय जिल्ला र सुदूरपूर्व सङ्घीय जिल्लामा पर्छ। प्राकृतिक भौगोलिक परिस्थिति, क्षेत्रीय विकासको इतिहास र राष्ट्रिय नीतिका कारण पूर्वी क्षेत्रमा सहरी विकासको भविष्य उदीयमान अवस्थामा छन्।

रुसको आर्थिक सामाजिक विकास व्यापक रूपले असन्तुलित छ। सहरहरूबीच विकासका खाडलहरू साह्रै भयावह छन्। रुसको पश्चिमी क्षेत्रले देशको कुल जनसङ्ख्याको झन्डै ७८ प्रतिशत ओगट्छ, यसको कुल औद्योगिक उत्पादनमा ७० प्रतिशतभन्दा बढी र कुल कृषि उत्पादन ७६ प्रतिशत छ। रुसको पूर्वी क्षेत्रमा सहर विकासको सम्भावना अत्यन्त ठूलो छ।

रुसको धेरैजसो खनिज, ऊर्जा, वनजङ्गल, पानी र सामुद्रिक जैविक स्रोत पूर्वी क्षेत्रमै केन्द्रित छन्। त्यसो भएर पूर्वी क्षेत्रले रुसको कच्चा पदार्थ आपूर्ति र ऊर्जा सुरक्षा निर्णायक भूमिका खेल्छ।

हालसालै रुसको पश्चिमी क्षेत्रमा स्रोतहरूको बढ्दो अभाव हुँदा देशको आर्थिक विकास बढीभन्दा बढी पूर्वी क्षेत्रको स्रोतहरूमा निर्भर छ। मध्यपूर्वमा बढ्दै गरेको अस्थिरतासँगै विश्व बजारमा पूर्वी रुसको ऊर्जा निर्यात स्थिति अझ बढ्नेछ। पछिल्ला २० वा ३० वर्षमा, आर्थिक वकासका लागि घरेलु र अन्तर्राष्ट्रिय हिसाबले रुसले पूर्वी क्षेत्रको स्रोत विकासलाई अझ बढी प्रवर्द्धन गर्नेछ। यसले त्यस पूर्वी क्षेत्रको सहरी विकासमा ठूलो प्रभाव पार्नेछ।

सोभियत सङ्घको क्षेत्रीय विकासलाई सन्तुलित गर्ने रणनीति समाप्त भएको कारणले सोभियत सङ्घको विघटनपछि रुसको पूर्वी क्षेत्रले विकासका लागि केन्द्रीय सरकारको नीति र आर्थिक सामर्थ्य गुमाउन सुरु गऱ्यो। पूर्व र पश्चिमबीच विकासको खाडल निकै नै गहिरिँदै गर्दा पूर्वी क्षेत्रको आर्थिक स्थितिमा निरन्तर ह्रास आयो। रुसको सङ्घीय सरकार के कुरामा सचेत छ भने पूर्वी क्षेत्रको आर्थिक पछौटेपनले एसिया-प्रशान्त आर्थिक सहकार्यमा आफ्नो संलग्नतालाई बाधा पुऱ्याउनुका साथै राष्ट्रिय अर्थतन्त्रले पुनः जागरणलाई पनि रोक्छ। तसर्थ रुसले पूर्वी क्षेत्रका पक्षमा ढल्किएको सङ्घीय नीतिसँगै आफ्नो राष्ट्रिय विकास रणनीतिलाई त्यसअनुकूल बिस्तारैबिस्तारै समायोजन गर्दै लगेको छ।

### अझ बढी विवेकपूर्ण खाका

बजार संयन्त्रअन्तर्गत सहरहरूबीचको आर्थिक सम्बन्ध अझ बलियो हुनेछ। विकास र आर्थिक फाइदाका लागि त्यस क्षेत्रमा हुने जनसङ्ख्या, प्राकृतिक स्रोतहरू र आर्थिक गतिविधिहरू मुख्यमुख्य सहरहरूमा एकत्र हुने बढी सम्भावना हुन्छ। ठूल्ठूला सहरहरूमध्ये धेरैजसो सहरहरूले नयाँ क्षेत्रीय आर्थिक प्रणालीमा कीर्तिमान कायम गर्ने प्रबल सम्भावना छ।

पूर्वी क्षेत्र भनेको रुसको सबैभन्दा महत्त्वपूर्ण कच्चा खनिज पदार्थको आधार हो। त्यहाँ देशकै ८० प्रतिशतभन्दा बढी परीक्षण भइरहेका खनिज स्रोतहरूका भण्डारहरू छन्। त्यसो भए पनि स्रोतहरू अहिलेसम्म ठूलो परिमाणमा निकालिएको छैन। भविष्यमा हुने विकासको सम्भावना अत्यन्त ठूलो छ। खानीहरूको उत्खनन् र पूर्वाधार सुधारलाई विस्तार गरिएमा ती क्षेत्रहरूमा आर्थिक अभिवृद्धिका नयाँ स्रोतहरू निश्चित रूपले प्रादुर्भाव हुने सम्भावना छ। ती क्षेत्रहरूमा यथेष्ट मात्रामा खनिज पदार्थका भण्डारहरू छन्। यसबाट नयाँनयाँ स्रोतमा आधारित सहरहरूको विकास हुनेछ। साइबेरिया र सुदूरपूर्वले एसिया प्रशान्त देशहरू र युरोपबीचको सबैभन्दा नजिकको यातायातका बाटाहरू प्रदान गर्नेछन्।

त्यसैगरी रुसमा उत्तरी समुद्री बाटो पनि उपर्युक्त यातायातको मार्ग हुनेछ। सोभियत सङ्घको विघटनपछि सुदूरपूर्व बन्दरगाहहरू नै सबैभन्दा महत्त्वपूर्ण बन्दरगाहहरू भएका छन्। रुसले पूर्वी क्षेत्रको विकास गर्ने रणनीति तय गरेदेखि सिमानासँग जोडिएका सहरहरू र समुद्रका छेउछाउमा रहेका सहरहरूको महत्त्व अझ बढेको छ। त्यस गणनीतिको लक्ष्य एसिया प्रशान्त क्षेत्रलाई एकीकेत गर्नु रहेको छ।

सुदूरपूर्व रुसको एसिया-प्रशान्त देशहरूसँग व्यापार र वित्तीय अनि आपसी प्राविधिक सहयोगलाई बलियो बनाउने मुख्य आधार क्षेत्र भएको छ। पूर्वी रुसको आगामी आर्थिक र सहरी विकासमा नीतिहरू प्रोत्साहन दिने खालको हुनुपर्छ भने बजारलाई आधारभूत (मुख्य) भूमिका खेल्न दिनुपर्छ। यसरी सिमानासँग जोडिएका सहर र समुद्री सहरहरूले नयाँ विकासका फाइदाहरू प्राप्त गरेका छन्।

पूर्वी रुसको भविष्यको अर्थतन्त्र र सहरी विकासमा प्रोत्साहन दिने नीति निर्माणसहित बजार व्यवस्थामा ध्यान पुऱ्याउनुपर्छ। यसबाट आधारभूत भूमिका निभाउन सकिन्छ।

क्षेत्रीय विकासको दूरीलाई कम गर्दै लान अनुकूल नीतिहरू महत्त्वपूर्ण साधनहरू हुन्। रुसको कम विकसित पूर्वी क्षेत्रलाई सुरुकै चरणमा आधारभूत संरचना र लगानी वातावरण सिर्जनामा केन्द्रित हुने अनुकूल नीतिको आवश्यकता छ। त्यसैबेला नयाँ क्षेत्रीय बजार सामर्थ्यलाई प्रोत्साहित गर्ने र बजार सम्भाव्यतालाई व्यवहारमा लाने नीतिहरूले सघाउनुपर्छ। सुदूरपूर्व सङ्घीय जिल्ला र साइबेरियाली सङ्घीय जिल्ला दुईटै पूर्वी क्षेत्रसँग सम्बन्धित भए तापनि यी दुईबीचका भिन्नताहरू धेरै छन्। साइबेरियाली सङ्घीय जिल्लाको सहरी विकासको तह सुदूरपूर्व सङ्घीय जिल्लाको भन्दा धेरै माथि छ। तसर्थ पूर्वी क्षेत्रको विकासप्रक्रिया दुई जिल्लाका लागि सहयोग नीति भिन्नभिन्न हुनुपर्छ।

अवरोध पुऱ्याउने केही कारणहरूले रुसको पूर्वी क्षेत्रको सहर र आर्थिक विकासलाई सीमित पार्ने आशङ्का छ। सन् १९९१ मा सोभियत सङ्घको विघटन भएदेखि त्यस क्षेत्रको विकासका लागि जनसङ्ख्या ह्रास र श्रम अभाव नै प्रमुख समस्याहरू भएका छन्। १९९० देखि २०१२ सम्ममा सुदूरपूर्व सङ्घीय जिल्लाको जनसङ्ख्या ८.७ प्रतिशतले घट्यो भने साइबेरियाली सङ्घीय जिल्लाको जनसङ्ख्या २२.१ प्रतिशतले घट्यो। यसबाट श्रम शक्ति निकै घट्यो। घटेका मजदुरहरूमध्ये बढीजसो सक्षम प्रौढ मजदुरहरू र उच्च तहका पेसेवरहरू रहेका छन्। त्यस क्षेत्रको दीर्घकालीन विकासका निम्ति यो कुरा समस्याग्रस्त हुनसक्छ।

अझ त्योभन्दा पनि आर्थिक वृद्धिका लागि स्रोतहरूमा अत्यधिक निर्भरता अन्ततः एक किसिमको अभिशाप बन्न सक्छ। देशका प्रचुर प्राकृतिक स्रोतहरूले असावधानीपूर्वक संस्थागत विकासको प्रेरणादायक भूमिलाई कमजोर र आर्थिक सुधारको गतिलाई सुस्त बनाइदिएको छ। सुधारको ढिलो दर र कमजोर संस्थागत विकासले प्राकृतिक स्रोतहरूको प्रभावकारी प्रयोगलाई बाधा पुऱ्याएको छ। यो कुचक्र (Vicious Circle) रुसको पूर्वी क्षेत्रमा विशेष रूपले प्रस्ट छ। प्राकृतिक स्रोतहरूको प्रचुरताले त्यस क्षेत्रको दिगो र व्यापक आर्थिक विकासका लागि अझै भित्री शक्ति (Endogenous) स्रोतको रचना गर्न सकेको छैन।

अझै त्यस क्षेत्रमा लगानी गर्ने वातावरण निकै कमजोर छ। प्रथमतः अनुकूल कानुनी प्रत्याभूति र आवश्यक स्वीकारयोग्य नीतिहरूको अभावबाट त्यस्तो भएको हो। धेरैधेरै वैज्ञानिक संस्थाहरूले त्यहाँ काम गरिसके तापनि त्यस क्षेत्रमा बजारीकरण परिपक्व छैन। वैज्ञानिक अनुसन्धानका उपलब्धिहरू अझै कार्यान्वयन हुनसकेका छैनन्।

### बढ्दो आपसी सहयोग

रुसको पूर्वी क्षेत्र र चीनको उत्तरपूर्वी प्रान्तहरूबीच स्वस्थ आर्थिक र व्यापारिक आपसी सहयोग बढेको छ। रुसको पूर्वी क्षेत्रको विकास र उत्तरपूर्वी चीनको पुनरुत्थानबीचको सकारात्मक अन्तरक्रियाले दुई देशबीचको सीमाना क्षेत्रहरूमा आपसी हित तथा आपसी सहयोगको अभिवृद्धि भएको छ।

रुसको पूर्वी क्षेत्रले सामना गर्नुपरेको श्रम शक्ति र लगानीको अभाव छोटो समयावधिभित्र सजिलै समाधान गर्न सकिँदैन। अर्को शब्दमा भन्नुपर्दा विशेष गरेर चीनको थप सहयोगबिना यो मामला सुल्झिने सम्भावना छैन। रुसको पूर्वी क्षेत्रको विकासमा सहभागी हुनु चीनको चाहनाअनुसार पनि स्वार्थ मिल्न जान्छ। यसबाट चीनलाई ऊर्जा र प्राकृतिक स्रोतहरूको माग पूर्ति गर्न मद्दत मिल्छ। यसैगरी उत्तरपूर्वी चीनका पुराना औद्योगिक आधार हरूको पुनरुत्थान गर्ने कार्य र समग्रमा चीनको प्राकृतिक स्रोतको सुरक्षालाई अझ राम्रो गर्न सहयोग पुग्छ।

रुसको पूर्वी क्षेत्रमा आधारभूत संरचना निर्माण कार्यबाट चिनियाँ मजदुरहरूले अझ बढ कामको मौका पाउन सक्छन्। यसबाहेक आधारभूत संरचना निर्माणकार्यबाट चीनलाई फाइदा हुन्छ र रुसको पूर्वी क्षेत्र विकास रणनीतिले चिनियाँ व्यवसायीहरूले काम पाउँछन्। रुसको सुदूरपूर्व जिल्लाको सबभन्दा ठूलो सहर खाबारोभ्स्क (Khavarovsk) हो। चीनको फुयुआन (Fu Yuan) काउन्टी सिमानाको ठीक पारिपट्टि खाबारोभ्स्क छ। चीनको हैसियाय टापु (Heixiazi Island) रुसमा 'बोल्सोइ युसुरिस्की टापु' (Bolshoy ussuriysky Island) का रूपमा चिनिन्छ। त्यस टापुलाई संयुक्त रूपले विकास गर्ने चीन र रुसको योजनाअनुरूप दुई देशबीचको आर्थिक सम्बन्धले सिमानामा जोडिएका सहरहरूको विकास अझ तीव्र हुनेछन्।

(लेखिका चिनियाँ विज्ञान प्रतिष्ठानअन्तर्गतको भौगोलिक विज्ञान र प्राकृतिक स्रोत-अनुसन्धान संस्थानकी अनुसन्धानकर्ता हुन्)

*The Far East Fortune*
*BEIJING REVIEW*
*February 6, 2014*

# सरकारी दमन विरुद्ध फिन्ल्यान्डको आपत्ति




नेपाल कम्युनिस्ट पार्टीका नेता तथा कार्यकर्तामाथि नेपाल सरकारले गरेको दमन तथा गिरफ्तारीका सन्दर्भमा फिनल्यान्डको कम्युनिस्ट पार्टीले प्र.म. पुष्पकमल दाहाललाई यही बैशाख २८ गते एक पत्र लेखी आपत्ति जनाएको छ। सो पत्रमा भनिएको छ -

प्रधानमन्त्री पुष्पकमल दाहाल ज्यू

प्रधानमन्त्री कार्यालय, सिंहदरबार काठमाडौं, नेपाल

नेपाल कम्युनिस्ट पार्टीका नेता तथा कार्यकर्ताहरूलाई केही दिनयता गिरफ्तार गर्नु भएकोमा फिनिक्स कम्युनिस्ट पार्टी घोर भर्त्सना गर्दछ। नेकपा नेपालको स्वतन्त्रता र जनताको हितका लागि निरन्तर काम गर्दै आएको छ। नेपालमा हालै स्थानीय तहको चुनावको सन्दर्भमा नेकपाका नेता-कार्यकर्तालाई बन्दी बनाइ क्रुरतम् शैलीमा निम्नतम् मानव अधिकारकोसमेत ख्याल नराखी गरिएको दमनप्रति हाम्रो पार्टी आपत्ति एवं भर्त्सना गर्दछ।

फिनिक्स कम्युनिस्ट पार्टी नेकपाका नेताकार्यकर्ताको तत्काल रिहाइ एवं जीवनरक्षाको माग गर्दछ।

# श्रीलंकाका कम्युनिस्ट नेता क. सुरेन्द्र रहेनन्

शिलोन कम्युनिस्ट पार्टीका कुनै समयमा महासचिवसम्म रहीसक्नु भएका माओवादी कम्युनिस्ट नेता कमरेड अजित रूपासिंगे सुरेन्द्रको यहि अप्रिल ३ मा भएको निधनको समाचारले हाम्रो पार्टीलाई दुखित तुल्याएको छ। वहाँ सन १९४३ मा जन्मनु भएको थियो।

कमरेड शुरेन्द्रले शिलोन कम्युनिस्ट पार्टीका महासचिव एन. सन्मुगथाशनको निधनपछि महासचिवको जिम्मेवारी सम्हाल्नु भएको थियो। पछि वहाँले पार्टीको नाम शिलोन कम्युनिस्ट पार्टी (माओवादी) राख्नु भयो।



कमरेड शुरेन्द्रले नेपालको जनयुद्धलाई पहिले देखिनै समर्थन गर्नुभयो र त्यो समर्थन तत्कालीन कम्युनिस्ट पार्टी माओवादीको नेतृत्वले क्रान्तिकारी कार्यदिशा परित्याग नगर्दासम्म पूर्ण समर्थन गर्नुभयो। शुरेन्द्रले संयुक्त राज्य अमेरिकामा अध्ययन गर्ने समयमै क्रान्तिकारी कम्युनिस्ट आन्दोलनमा काम गर्नुभएको थियो। अन्तराष्ट्रिय कम्युनिस्ट आन्दोलनमा वहाँ संधै क्रान्तिकारी लाईनमा रहनुभयो।

शिलोन कम्युनिस्ट पार्टी क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन रिमको सदस्य रहेको थियो। माओवादी क्षेत्रीय संगठन कम्पोसामा कमरेड शुरेन्द्रले भाग लिनु भएको थियो। कमरेड शुरेन्द्रले श्रीलंकामा फुट र बिभाजनमा परेको पार्टीलाई एकताबद्ध गर्ने प्रयत्न गर्नुभएको थियो। कमरेड शुरेन्द्र त्यहाको यौटा होनेहार नेता हुनुहुन्थ्यो जो सिंहाला जातिबाट आएर तमिल जनताको आत्मनिर्णयको समर्थन गर्नु भएको थियो।

हाम्रो पार्टी कमरेड शुरेन्द्रको निधनप्रति गहिरो समबेदना प्रकट गर्न चाहन्छ र शिलोन कम्युनिस्ट पार्टी (माओवादी) प्रति शोकलाई शक्तिमा बदल्ने अभियानमा ऐक्बद्धता जाहेर गर्दछ।

● अनुभूति

# मलेसियन कम्पनी र नेपाली युवाको हविगत



पूर्णसिंह बम 'अनुराग'

गरिबीको चपेटामा परेको पश्चिम नेपालको कर्णाली अञ्चलको कालीकोट जिल्लाको थिर्पु गावस ३ मा मेरो जन्म भएको थियो। बुबा मन्दीराज बम र आमा दानादेवीको कोखबाट २०५० असोज २८ गते मेरो जन्म भएको थियो। मेरो घरमा दुई दाजु नन्दसिंह बम र नारायणसिंह बम अनि दिज्यू रत्नपुरा बम र जूनपुरा बम छन्। जब म कक्षा १२ मा पढ्दै थिएँ, त्यतिबेला मेरो घरमा हामी अध्ययन गर्ने चारजना थियौँ तर घरको आम्दानी भने खान-लाउन कृषि पेसाबाहेक अरू केही पनि थिएन । दुई दाजुहरू जसोतसो दुःखकष्ट गरेर आफ्नो पढाइ खर्च निकाल्नुहुन्थ्यो र घर-परिवारलाई चलाउनुहुन्थ्यो। तैपनि भारतमा गएर व्यापार र ठेक्काको काम गरेर दैनिक जीवन त जसोतसो चल्थ्यो तर आफूले सोचेको सपना र बाँकी अध्ययन थाती रहने देखापरेपछि म भारतको पञ्जाबस्थित एउटा कम्पनीमा काम गर्न गएँ । त्यहाँ केही गाऱ्हो र अप्ठ्यारो महसुस भएपछि म दिल्ली हुँदै कामकै खोजीमा मुम्बई पुगेँ। त्यहाँको एक कम्पनीमा ६ महिना काम गरेपछि म दसैँको बेलामा घर फर्कें। अनि सोच्न थालेँ, मेरो पढाइ यसै पनि बिग्रियो, त्यसै पनि बिग्रियो, अब म विदेश जान्छु। अनि घर-परिवारसित सल्लाह गरेर निर्णय लिएँ । परिवारसित कुरा राखिसकेपछि अब म विदेश जान्छु, हुन्छ कि नाइँ भनेँ। दाजुले भन्नुभयो, काम गरेर भए पनि तँलाई पढाउने जिम्मा हाम्रो भयो। दाजु डिग्री पढ्नुहुन्थ्यो तर उहाँहरूको पढाइ बिगारेर मलाई पढ्ने पटक्कै मन थिएन । बरु म बिग्रन्छु तर दाजुहरूको पढाइ भने पटक्कै बिग्रनुहुन्न भन्ने मेरो सोच थियो। अन्ततः मेरो ढिपीले गर्दा दाजुले 'हुन्छ' भन्नुभयो । त्यसलगत्तै मैले माइला दाजुलाई खबर गरेँ- दाजु म अब विदेश जाने भएँ।

त्यतिखेर मेरो माइलो दाजु भारतको देहरादूनमा व्यापार गर्नुहुन्थ्यो। दाजुले भन्नुभयो- 'किन विदेश जाने ? पढाइ राम्रै छ, पैसाको चिन्ता नगर।' तर मैले मानिनँ। त्यत्तिकैमा मैले फोन राखेँ किनकि मेरो मनमा अनौठो सोच आइरहेको थियो। एकातिर वैदेशिक रोजगारीमा जाने मेरो बाध्यता थियो भने अर्कोतिर मनभित्रको पीडासँगै कुतूहलता पनि थियो। त्यसपछि जसोतसो गरेर म घरबाट हिडेँ। मेरो गृहजिल्ला कालीकोटको सदरमुकाम आएर नागरिकता बनाएँ अनि फेरि माइला दाजुलाई फोन गरेर भनेँ कि म त घरबाट पासपोर्ट बनाउन काठमाडौं हिडेँ। तपाईंले




जसरी भए पनि पैसा पठाइदिनुपऱ्यो । अनि दाजुले पनि नाइँ भन्न सक्नुभएन। भनेअनुसार नै उहाँले पैसा पठाइदिनुभयो। पासपोर्ट बनाएर मैले म्यानपावर कम्पनीमा सम्पर्क गर्न थालेँ । नभन्दै महिना दिनभित्र भिसा आएपछि १,२५,०००/- तिरेर म मलेसिया पुगेँ। जब म मलेसिया पुगेँ, तब त्यहाँको अवस्था र स्थिति नियालेर हेर्दा त्यहीँ एयरपोर्टबाट नै म अचम्म र छक्क परेँ। त्यहाँ अरू केही देखिनँ। त्यहाँ सबै नेपाली मात्र थिए। थुप्रै साथीहरू कम्पनीले रिसिभ गर्न नआएर अलपत्र परेका थिए । उनीहरू भोकै

... बाँकी ७ पृष्ठमा

# h]h sf tL lbg



– विवश राई

हामी हिरासतबाट २९औं दिनपछि जेल चलान भयौं। पुर्पक्षको लागि भनेर हिरासतबाट जेल चलान भएसँगै यातनाको श्रृखला नयाँ चरणमा बदलियो। हामीलाई जेल चलान गर्नु पर्ने कारण केही नभएर पूर्वाग्रह र दलालहरुको क्रान्तिकारीहरुलाई लाउने दुरासय मात्र थियो। जेल चलान हुँदै गर्दा संगठनका केन्द्रीय अध्यक्षले बलियो हात मिलाउँदै भन्नुभयो, नआत्तिनुस् विश्व विद्यालय जाँदै हुनुहुन्छ। हामी सगर्व भन्दै थियौ-ं दृढ विश्वासका साथ ठिक छ हामी जेल रुपि विश्वविद्यालयमा अध्ययन मात्र गर्ने छैनौं एकीकृत जनक्रान्तिको पाठ प्रथम श्रेणीमा उत्तिर्ण गर्नेछौं गोधुलीसंगै जेलद्वारबाट भित्र लघारियौं । मानौं यतिबेला हामी निशाचर क्रान्तिकारी योद्धा हौं । जुन घडीमा हामीलाई अरु खतरनाक दुश्मन हिंस्रक प्राणीले खाइदिन पनि सक्छ। त्यो मानव गुफामा हामी प्रवेश गऱ्यौं, लाग्थ्यो हामी एउटा निकै जटिल यात्रामा आफ्ना कोमल पाइला सचेततापूर्वक राख्दैछौं। भित्र प्रवेश गरी सकेपछि जेलभित्रका आन्तरिक प्रशासनमा रहने कैदीहरुद्वारा जसलाई मान्छे भएर मान्छे हुनुको अनुभूती नभएको मान्छे नभएको मान्छे भन्दा बढाई चढाई नहोला। किनकी उनीहरु आफै राज्यद्वारा विभिन्न मुद्दा लगाई आफ्नो महत्वपूर्ण समय कैदको रुपमा गुजारी रहेका थिए। तिनीहरु नै हाम्रा निम्ती ज्यानी दुम्मनका रुपमा प्रकट भए। यातना उनीहरुबाट पनि भोग्नु पर्यो, २ जना कमरेडहरु जेलभित्रकै कैदीहरुको यातनाबाट १ हप्तासम्म कपडा लगाउन नमिल्ने गरी यातनाको शिकार भए। हामी चार पर्खालभित्रका बन्दी मात्र थिएनौं हाम्रो पिछा यो राज्य संयन्त्रले मात्र नभई अदृश्य हावा अनी गगन र धर्तिलाईसम्म निगरानी गरिरहेको भान हुन्थ्यो। हामीलाई आन्तरिक प्रशासन (जेल भित्रको सुरक्षाकर्मी) बाट फर्मान जारी भएको थियो । तिमीहरुले देखेका जती पनि वस्तुहरु छन्। ती सबैले निगरानी गरी रहेको हुन्छ। जेल प्रशासन या राज्यको वा कसैको विरुद्धमा बोल्ने त के सोच्नेसम्म पनि छुट छैन । तिमीहरुले के सोचिरहेका हुन्छौं । त्यो कुरा हामीहरुलाई थाहा हुन्छ। तिमीहरुको जीवन या मृत्यू हामी ५ जनाको सहीमा हुन्छ । मारेर मर्यौ भनी हामीले सानो कागजको खेस्रो बनाएर सकिदिने हाम्रो अधिकार हो भनी मनोवैज्ञानिक दबाव दिए । हिरासतको यातनामय भाव भन्दा अनौठो छुट्टै प्रकारको अर्को त्रासादीपूर्ण छायाँमा हामी रम्न-बच्न बाध्य भयौं, पारियो। दिनहरु बित्दै गए। सो जेलमा माओवादी आन्दोलनमा सशक्त भूमिका निर्वाह गरेका आमूल परिवर्तनको आकंक्षा बोकेर प्राणको बाजी राखेर अंशकालिन कमरेडहरुलाई झुट्टा मुद्दामा जेल हालिएका थिए। उहाँहरु विशेष गरी मसंग सम्बन्धित हुनुहन्थ्यो । आफू जनमुक्ति सेनाको कमाण्डर हुनुको नाताबाट अभिभावकत्वानुभुति गरे। कसैले त मुखै फोरे विश्वास नै गर्न गाह्रो भयो रासन भत्ता खाएकै हौं, फरक यती हो तपाईंहरु द्वार खोल्ने र बन्द गर्ने सलाम ठोक्ने हामी सलाम थाप्दै आफूलाई पजेरोमा सयर गर्ने, फरक यति हो । आज तपाई हामी, जसरी हामीदेखी तपाईहरु छायाँ देख्दा पनि तर्सँदै सलाम सर भनेर तन्कनु हुन्थ्यो । आज हामी दुबै तर्साउने पनि तर्सने पनि एकै ठाउँमा रहेर बाहिरका जिरोहरु यहाँ नर्कको संसारमा (वा जेलको संसारमा) आफूलाई हीरो ठान्नेहरुको छायाँदेखी परपर भाग्छौं बस् । दिनहरु वित्दै गए बेलुका घन्टी बज्नसाथ तँछाड गर्दै त्राहीत्राही बनेर आ-आफ्नो कोठातिर खचाखच पस्ने गर्थ्यौं, मानौं एउटा वस्तुको भीडलाई साँझ परेपछि मालिकले लाठा लगाउँदै खोरभित्र थुन्छ। हो हामी पनि नाइकेहरुबाट तर्सँदै हतारहतार भित्रन्थ्यौं र



दाई हामीलाई त, तपाईं यसरीयसरी जेल पर्नु हुन्छ, तपाई हाम्रो बसाई एउटै पर्खालले घेरिएको जेल भित्र होला सायदै कल्पनाभन्दा बार्हि हरको कुरा। तर म स्वाभाविक भइदिन्थें, कठिनाइमा आत्तिने निरास हुने बाँनी हटिसकेछ। भाइ यो भन्दा कठोर जेल या आफ्नै पार्टीको नेताहरुको पुर्पक्षीय जेल, आधुनिक जेलभित्र हामीसँगै बसेका हौं । विश्व विकास बैंकले शान्ति मिसनको नाममा तोकेको उही सामान आफूलाई गन्तीको निम्ति तयार राख्थ्यौं। चौकीदार आन्तरिक प्रशासन प्रमुख (जसको बोली नै त्यहाँ कानुन हुनेगर्छ) को साथमा केही प्रहरी अधिकृतको टोलीबाट म यति नं. को कैदी या अपराधी हुँ भनेर गन्ती दिन विवश हुन्थ्यौं। यो हाम्रो नियति थियो। यदी गन्ती बिग्रियो भने जेलभित्रका नाइके १०० भन्दा माथि र ७०० भन्दा माथि कैदीहरुको मार खानु पर्छ। धेरै मान्छे यो कार्वाहीमा

... बाँकी ७ पृष्ठमा

## कविता

### जुलुस



- आरपी तिमिल्सिना

परजीवीहरू
अर्काको दानापानी खान्छन्
वैशाखी माग्न रुवाबासी गर्छन् ।


परजीवी जब यन्त्रवत् चलाइन्छ
उसले बिर्सन्छ आफन्तजन
उसको आँखा नै मोतियाबिन्दु सजाउँछ
दिउँसो देख्छ सपनाहरू
राती धाउँछ दुतावासहरू ।

भोकको भण्डारबाट
जब पेट बन्छ सारङ्गी
स्वाधीन धर्तीको
जब बुख्याँचा बन्छ फिरङ्गी
सुरिलो सङ्गीतले
तब खाऊँ भन्छ बारुद
मान्छे बहुला बन्न किन रमाउँछ
पागलहरूका जुलुसमा किन बहार आउँछ !

जुलुसले शबद ओकल्दा
परजीवी बादशाह डराउँछ
राता झन्डाको गाढा रङले
मूर्च्छित हुन्छ तानाशाह
दौडन्छ घोडसवार
सेता महलतिर
रफ्तार बढाउँछ
कोर्रा हिर्काउँछ
बूढो घोडालाई
घोडाको आवाजलाई पनि
दलाल शासकले विद्रोह देख्छ
जुलुस जब हत्कडी बनेर गुञ्जन्छ
परजीवी शासक हत्कडीको आवाजदेखि
डराउँछ ।

## गीत

### शुभकामना



ढुण्डीराज अधिकारी

जाग उठ युवाहरू हातमा मसाल बोकेर
हेर्नु हुन्न देशको संकट मूकदर्शी भएर
यो देशको जिम्मेवारी तिम्रो काँधमा आउँदैछ
यो देशको माटो आज तिमीलाई गुहार माग्दैछ

दलाल भ्रष्ट आक्रमणले देश घाइते भैराछ
नेपालका गाउँ सहर छट्पटाउँदै रोइराछ
नेपाल आमा रुँदै भन्छिन् मेरो आबरु बचाइदेऊ
क्रान्तिकारी औषधिले मेरो मुहार हाँसाइदेऊ

यी आमाले तल घसेका ती बलिष्ठ पाखुरा
चट्टान फोड्दै अघि बढ काम नछोड अधुरा
जनवादी शासन सत्ता तिम्रै हातमा आउनेछ
यो देशमा सुनौला दिन तिम्रै हातले ल्याउनेछ ।

दुस्मनका किल्लाहरू तिमीले नै ढाल्नुछ
यो देशमा शान्तिको दीप तिमीले नै बाल्नुछ
अघि आउने साह्रो गारो तिमीले गर्नु सामना
सफलताको शिखर चुम्ने तिमीलाई शुभकामना ।

## स्थानीय निर्वाचनको ...

वैचारिक-राजनीतिक ध्रुवीकरण व्यापक बन्न गएको छ। त्यसको सङ्केत के हो भने यो चुनावको गर्भमा भयानक हिंसाको बीजरोपण भएको छ। सरकारी ज्यादतीका विरुद्ध नेकपाका महासचिव विप्लवले वैशाख २४ गते विज्ञप्ति जारी गरी भन्नुभएको छ, 'हाम्रो पार्टी स्थानीय चुनावको खारेजी अभियानमा रहेको सबैलाई जानकारी नै छ। सो खारेजी अभियानमा रहेका नेता तथा कार्यकर्तालाई सङ्कटकाल सम्झाउने गरी प्रचण्ड सरकारले गिरफ्तार गरेको छ। सरकारले हालसम्म हाम्रो पार्टीका केन्द्रीय सदस्य तथा जनकपुर ब्युरो इन्चार्ज क. सन्देश पौडेल र वैकल्पिक केन्द्रीय सदस्य नारायण महर्जनसहित बर्दिया, रुकुम, काभ्रे, चितवन, सिन्धुली, दैलेख, ललितपुर, कास्की, नवलपरासी, काठमाडौँ, दोलखा, सल्यान, धादिङ, पर्वतलगायत जिल्लाबाट १५० जनाभन्दा बढी नेता-कार्यकर्ताहरूलाई गिरफ्तार गरेको छ। गिरफ्तार कमरेडहरूलाई युद्धकालमा जस्तै झुट्ठा मुद्दा लगाएको छ। कयौँलाई यातना दिएको छ र बेपत्ता पारेको छ। हामी प्रचण्ड सरकारको गिरफ्तारी, तानाशाही दमनको कडा भर्त्सना गर्दछौँ। साथै गिरफ्तार गरिएका कमरेडहरूलाई बिनासर्त मुक्त गर्न जोडदार माग गर्दछौँ। अन्यथा दमनबाट उत्पन्न हुने प्रतिरोध सङ्घर्षको जिम्मेवार प्रचण्ड सरकार नै हुनुपर्नेछ। अन्त्यमा हामी सबै पार्टीपङ्क्ति, नेता, कार्यकर्ता, आम नेपाली श्रमजिवी नागरिकहरूलाई प्रचण्ड सरकारको दमनबाट नहडबडाउन, नआत्तिन, प्रतिक्रियावादी संसदीय चुनावको खारेज अभियानमा डट्न र राज्यआतङ्कको प्रतिरोध गर्न अपिल गर्दछौँ। हामीले दुःख, कष्ट बेहोरेर भए पनि देश र जनतालाई विदेशी दलाल तथा जनविरोधी तत्त्वहरूको उत्पीडनबाट जोगाउने आँट गर्नैपर्छ।'

संसदीय व्यवस्थाको स्थानीय तहको निर्वाचनका विरुद्ध जनयुद्धको विरासत एवम् वैचारिक प्राधिकार बोकेको धारा सशक्त रूपमा प्रकट भयो। संसदीय होहल्ला र खराबमध्ये खराब छान्ने बाध्यता र चुनावमा मतदान नगर्नेलाई निशाना बनाइने सरकारी त्रासका कारण जनताको सानो समूह चुनावमा भाग लिन बाध्य भए पनि जनताको ठूलो समूह चुनाव खारेज अभियानमा उत्साहजनक ढङ्गले सहभागी भए।

वैशाख ३१ गते नेकपाका महासचिव विप्लवले विज्ञप्ति जारी गर्दै कार्यकर्ता र आम जनतालाई धन्यवाद ज्ञापन गर्नुभएको छ। विज्ञप्तिमा भनिएको छ, 'संसदीय व्यवस्थाको चुनावको पहिलो चरणको स्थानीय चुनावसँगै हाम्रो पार्टीको नेतृत्वमा जनताले सञ्चालन गरेको पहिलो चरणको चुनाव खारेज अभियान सम्पन्न भएको छ। संसदीय दलहरू र सरकार नियन्त्रित तथा घरानाका सञ्चारमाध्यमले जतिसुकै प्रचार गरे पनि चुनावप्रति जनताको रुचि देखिएन, न त व्यापक जनताको सहभागिता नै भयो। हाम्रो नेतृत्वमा संसदीय चुनावको खारेजी अभियान सशक्त प्रकारले सम्पन्न भयो। चुनाव खारेज अभियानमा हजारौँ कार्यकर्ता सक्रिय भए भने जनताको हार्दिकतापूर्ण सहयोग र समर्थन रह्यो। हाम्रो पार्टी अभियानमा सक्रिय रूपमा साथ दिने नेपाली जनतालाई हार्दिक धन्यवाद दिन चाहन्छ।'

महासचिव विप्लवको विज्ञप्तिमा अगाडि भनिएको छ, 'यो पहिलो चरणको खारेजी अभियान सञ्चालन गर्दा राज्य पक्ष पार्टी नेता र कार्यकर्ताविरुद्ध तानाशाही तरिकाले दमनमा उत्रियो। सरकारले हाम्रो पार्टीका केन्द्रीय सदस्य तथा जनकपुर ब्युरो इन्चार्ज सन्देश पौडेल, वैकल्पिक केन्द्रीय सदस्य नारायण महर्जन र जिल्ला इन्चार्जहरू देवकला अधिकारी, लक्ष्मण उप्रेती, अर्जुन योगी, दीपक श्रेष्ठ, रविकिरण तथा जिल्ला सेक्रेटरीहरू नन्दलाल तिवारी, उदय राई, सागर तिमल्सिना, चन्द्र बुढा, राजन धनुके, गोकुल पराजुली, मोहन राई, हरिकृष्ण घिमिरेसहित सयौँ कार्यकर्ता र जनतालाई गिरफ्तार गरेको छ। यतिसम्म कि सञ्चारकर्मी र अधिकारकर्मीहरूलाई समेत दमन गरिएको छ। सयौँलाई पक्राउ पुर्जी जारी गरिएको, झुट्ठा मुद्दामा फसाउने षड्यन्त्र भएको छ। दिनरात गाउँसहरमा छापामारेर तर्साइएको छ। हामी त्यसप्रकारको सरकारी आतङ्कको निन्दा गर्दछौँ। साथै झुट्ठा मुद्दा खारेज गरेर गिरफ्तार नेता, कार्यकर्ता र जनताको बिनासर्त रिहाइको माग गर्दछौँ। गिरफ्तार भै हिरासतमा सङ्घर्ष गरिरहनुभएका कमरेड तथा राजबन्दीहरूलाई अभिवादन गर्दछौँ। हाम्रो काँधमा देशलाई स्वाधीन र जनतालाई कुनै पनि परिस्थितिमा दलाल सत्ताको चङ्गुलबाट मुक्त गराउने युगीन दायित्व छ। त्यसलाई हामी सबैले आत्मसात गरेर अगाडि बढौँ। जनताको जित सुनिश्चित छ।'

त्यसैगरी कालीकोटमा भएको साहसिक प्रतिरोधबाट अत्तालिएको सरकारले अन्धाधुन्ध गोली चलाउँदा घाइते भएकामध्ये एकजनाको मृत्यु भएको छ। प्रचण्डले आफ्ना परिवारलाई राज्यको डाडुपन्यु सुम्पन नैतिकता र आदर्श दाउमा राखिरहेका बेला उनकै निर्देशनमा जनताको छोरो मारिएको छ। यो घटनालाई नेकपाले गम्भीर रूपमा लिएको छ। घटनाप्रति प्रतिक्रिया जनाउँदै महासचिव विप्लवले भन्नुभएको छ, 'वैशाख ३१ गते कालीकोट जिल्ला, माल्कोटमा जनताले चुनाव खारेज गरेपछि प्रचण्ड सरकार फासिस्ट रूपमा जनताका विरुद्ध उत्रियो। सो दमनका विरुद्ध जनताले प्रतिरोध गर्दा भएको झडपमा प्रहरीको गोली लागी माल्कोटका युवा तथा राप्रपाका उमेदवार धनरूप बटलाको निधन भएको छ। उक्त घटनामा कमरेडहरू बमबहादुर विश्वकर्मा, कुलबहादुर बटला र दानबहादुर बटला गम्भीर घाइते हुनुभएको छ। जनविरोधी दलाल संसदीय व्यवस्थाविरुद्ध विद्रोह गर्नु जनताको अधिकार हो। जनअधिकारको सम्मान गर्नुको साटो श्रमिक जनतामाथि फासिवादी दमन गर्नुले राज्यको फासिवादी चरित्र उदाङ्गो भएको छ। त्यसमा पनि प्रचण्ड सरकारले दृढतापूर्वक जनयुद्ध लडेका र अपूर्णीय बलिदान गरेका माल्कोटे जनतामाथि आपराधिक शैलीमा दमन गर्नु हदैसम्मको निन्दनीय कार्य हो भने प्रचण्ड प्रतिक्रियावादी सत्ताको दलदलमा फस्दै गएको थप प्रमाण पनि हो। हाम्रो पार्टी प्रचण्ड सरकारको यसप्रकारको कायरतापूर्ण हत्याकाण्डको घोर भर्त्सना गर्दछ। कालीकोट, माल्कोटका जनताको विद्रोह, श्रमिक जनताको मुक्तिको महान् मार्ग हो। जनयुद्धका प्रस्ताव र बलिदानहरूलाई अपमान गर्ने, प्रतिक्रान्ति लाद्ने दलाल संसदीय व्यवस्थाका विरुद्ध विद्रोहको बाटो सबै श्रमिक नेपाली जनताले अनुसरण गर्न र अघि बढ्न आवश्यक छ। हामी माल्कोटका जनताको विद्रोहलाई गौरवका साथ अभिवादन गर्दछौँ। उक्त सङ्घर्षमा बलिदान गर्ने युवा धनरूप बटलालाई नेपाली क्रान्तिका महान् सहिद घोषणा गर्दछौँ। घाइते कमरेडहरूको उपचारको व्यवस्था गर्ने प्रतिबद्धतासहित शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौँ। यो दमनको उचित प्रतिरोध गरिछाड्ने प्रतिबद्धता पनि व्यक्त गर्दछौँ। जनअधिकारका लागि भएको बलिदान कहिल्यै खेर गएको छैन। जनताको हरेक थोपा रगतले दुस्मनका विरुद्धको लडाइँलाई नयाँ उचाइमा पुऱ्याएको इतिहास छ। माल्कोटका जनताको यो बलिदानले दलाल संसदीय व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न महत्त्वपूर्ण योगदान गर्नेछ।

अन्त्यमा प्रतिक्रियावादी दलाल संसदीय व्यवस्थाको चुनाव खारेजी अभियानमा बलिनीपूर्ण प्रतिरोधद्वारा अग्रणी भूमिका निर्वाह गर्ने माल्कोटका जनतालाई सङ्ग्रामी अभिवादन गर्दै सम्पूर्ण पार्टीपङ्क्तिलाई माल्कोटका जनताको साहसिक प्रतिरोध सङ्घर्षको मार्गबाट सिक्न, अनुसरण गर्न र अझ अगाडि बढ्न हार्दिक आग्रह गर्दछ।'

## मलेसियन कम्पनी ...

थिए। हामीसँग भएको चाउचाउ दिएर उनीहरूले भोक मेटाए। उनीहरू कति दिनका लागि गएका थिए, कुन म्यानपावरबाट गएका थिए, त्यो भने मलाई कुनै जानकारी भएन किनभने म त्यहाँ नितान्त नयाँ थिएँ। आफ्नै कम्पनीले झन्डै १३ घन्टापछि रिसिभ नगर्दा आङ जिरिङ्ग भइसकेको थियो मेरो। कतै म पनि त ठगिने भन्ने एकातिर शङ्का थियो भने अर्कोतिर त्यहाँ अलपत्र परेका नेपालीको अवस्थाले वातावरण कोलाहलपूर्ण थियो।

मेरो कम्पनीको नाम थियो- इन्टरमल्टी फर्निचर 'एसडीएन.बीएसडी'। बल्लतल्ल १३ घन्टापछि हामीलाई कम्पनीबाट २ जना ड्राइभर लिन आए। ती पनि ड्राइभर हुन् भन्ने कुरा पनि मलाई कम्पनी पुगेको केही महिनापछि मात्र थाहा भएको थियो। जब हामी २३ जनाको टोली एयरपोर्टबाट हिड्यौँ, तब चर्को गर्मीको महसुस हुँदै गयो। बिचबाटोमा ड्राइभरले हल्का नास्ता खुवाए तर भोक भने पटक्कै मरेको थिएन। राजधानीबाट हिँडेको ५/६ घन्टापछि कम्पनी गेटमै पुगियो। त्यो कम्पनीको बाहिर हेर्दा निकै राम्रो लाग्यो। झरेर जब होस्टेल भएको ठाउँमा पुगियो, तब त्यो होस्टेल देख्दा लाग्यो, यो कुनै मान्छे बस्ने ठाउँ हो कि कुनै समान राख्ने ठाउँ हो? त्यो ठाउँ सुँगुरको खोर जस्तो थियो। अलिक नजिक पुग्यौँ, त्यो त हामी बस्ने नेपालीको होस्टेल पो रहेछ। थकाइ, निद्रा, भोक त्यत्तिकै लागेकै थियो। होस्टेल हेर्दा मलाई वाक्क लागिसकेको थियो। गर्मी पनि त्यत्तिकै थियो। मच्छड झन् उत्तिकै। जब साँझ पर्दै गयो, तब हामीलाई भाँडावर्तन दिइयो। १०० रिंगेट दिइयो। के ल्याउने, के नल्याउने, कुन सामानलाई कति पर्छ भन्ने कुरा हामीलाई केही पनि थाहा थिएन जसोतसो कम्पनीको आडैमा रहेको मलेसियन नागरिकको खाद्य खुद्रा-पसल थियो। अहिलेचाहिँ त्यो पसल बङ्गलादेशका नागरिकले चलाएको छ। त्यही पसलबाट दाल, चामल नून, तेल ल्याएर त्यो साँझ खाना खायौँ। पानी भने पटक्कै पिउन मन नलाग्ने त्यहाँको। अब हामी भोलिबाट काम गर्ने भन्ने कुरा कम्पनीले गऱ्यो। सोहीअनुसार हामी भोलिदेखि नै काममा लाग्यौँ।

दिनहरू बित्दै गए। केही महिनापछि म बिरामी परेँ। आफैँले उपचार गरेँ तर त्यहाँ कम्पनीको मानिस त थियो तर उसले हेरचाह भने पटक्कै गर्दैनथ्यो। विडम्बनाको कुरा, मलेसियामा जति पनि कम्पनी छन्, तिनी कसैले पनि आफ्ना कामदारको उपचार गर्दैनन्। गरिहाले पनि त्यही महिनाको आउने तलब काट्ने गर्छन्। यहाँ साउदी, दुबई, कतारको जस्तो नियम कानुन त्यति कडा छैन, निकै फितलो छ। त्यहाँ तमिलहरूको बिगबिगीले गर्दा हजारौँ नेपालीहरू उनीहरूको सिकार भएका छन्। अन्य देशको नागरिकलाई केही हुँदा उनीहरूका सरकारले निकै चासो देखाउँछ तर नेपालीहरू एकैचोटि १५/१५ जना मारिँदा पनि नेपाल सरकारले कुनै वास्ता गर्दैन। दूतावासले पनि अलपत्र परेका नेपाली नागरिकप्रति कुनै चासो राखेको मैले पटक्कै देखिनँ। उल्टै गाली-गलौज र यातना भाग्नुपरेको मैले देखेको छु। आखिर यी मानिस कसका? किन न्याय पाउँदैनन्? किन समयमै नेपालीहरूको उद्धार हुँदैन? आखिर यसमा चासो दिने कसले? किन राखिएका हुन् त्यहाँ दुतावास? यो कुरा बुझन गाऱ्हो छ। युवाशक्ति जति अर्कोको गुलामी बनाएपछि आखिर देश बनाउने कसले? किन अन्धो र विवेकहीन बनेको छ नेपाल सरकार?

बिरामी भएपछि आफैँ पैसा खर्चेर औषधी गरेँ। काम नगरेको भनेर कम्पनीले मेरो पैसा काट्यो तर मलाई खानका लागि २००-३०० रिंगेट मात्र दिइयो। यता आउँदाका ऋण, उता बिरामी अनि मेरो कमाइबीच समय बित्दै थियो, जिन्दगीका यात्रा निरन्तर चल्दै थिए। त्यही सङ्घर्षरत जिन्दगीको यात्राबाट मैले गजल पनि लेख्न सुरु गरेँ, जुन अहिले भर्खरै बजारमा आएको छ- 'तिम्रो पिरले' बोलको गीत। स्वर रहेको प्रमोद पोखरेल, सङ्गीत श्रीकृष्ण बम मल्ल, शब्द-रचना मेरो आफ्नै छ। यो गीत मेरो जीवनको एक चिनो पनि हो।

एक दिनको कुरा हो, जब चिनियाँहरूको नयाँ वर्ष आएको थियो, त्यतिबेला मेरो बूढी औँलाको तल्लो नर्मल हड्डी काटियो। लगत्तै मलाई अस्पताल लगियो। त्यहाँ उपचार गरियो। जे होस्, उपचार सफल भयो। त्यतिखेर मलाई अलिकति मलेसियन भाषा आउँथ्यो। त्यहाँ आफन्त भन्ने कोही थिएन। कसलाई पो के भन्ने र। आफन्तको नाउँमा एकजना गाउँका साथी थिए। ऊ पनि कम्पनीमा काम गरिरहेको थियो। र, एकजना विरिन्दा नाम गरेकी मेरो फेसबुकबाट जोडिएकी सबैभन्दा प्यारी बहिनी उनै लाथिन् किनकि हाम्रो दिनहूँ कुरा भइरहन्थ्यो। सुखदुःखका कुरा साटासाट गर्थ्यौँ हामी। ती पनि मेरो गाउँभन्दा झन्डै उनको घर पुग्न चार घन्टा लाग्छ। उनलाई फेरि मैले अस्पतालमा छु भनिनँ, उनी दुःखी हुन्छिन् भनेर। म कम्पनीमै छु भन्थेँ किनकि परदेशमा देखावटी रूपमा आफ्नो भन्ने मात्रै हुन्छन् भन्ने लाग्थ्यो मलाई। केही दिनको उपचारपछि म कम्पनीमा फर्केँ। १५ दिनपछि काममा छिर्दै किनकि मलाई खानसमेत पैसा थिएन। काम गरेँ। १५ दिन काम गरेको कम्पनीले ४०० रिंगेट जति पैसा दियो। त्यसले खाना-खर्च ठीक हुन्थ्यो। वास्तवमा त्यो कम्पनीको नियम नै ठीक थिएन। पानीको ४ रिंगेट काट्थ्यो। बत्तीको ३ रिंगेटजत्ति काट्थ्यो। कोठाको ५० रिंगेट काट्थ्यो तर हामीलाई म्यानपावरले जाने बेलामा भनेको थियो- पानी, बत्ती र कोठा फ्री हो। मलेसियामा भनेअनुसारको व्यवस्था १०० मा १५ प्रतिशत मात्र देखिन्थ्यो। कम्पनीमा सानो गल्ती हुँदा ५० देखि ५०० रिंगेटसम्म जरिवाना गरिन्थ्यो। यस्तो कू-नियम सिङ्गो मलेसियाभरि रहेको छ तर त्यो नियम त्यहाँको सरकारलाई पनि थाहा हुँदैन। त्यो सरकारको नियम हुँदा पनि होइन। त्यहाँका धेरैजसो कम्पनीहरू सरकारीभन्दा बाहिरका नियमबाट अर्थात् आफ्नै मनमौजी नियमबाट चल्छन्। त्यसको असर प्रत्यक्ष रूपमा हामीजस्ता नेपालीहरूलाई पर्दछ किनकि हाम्रो सरकार पनि त्यस्तै छ। लालबाबु पण्डित मन्त्री हुँदा मलेसियाका लागि नेपाली रोजगारी बन्द गरिएको थियो। त्यतिखेर भने नेपाली कामदारलाई कम्पनीले अलि-कति सम्मान गर्थ्यो। पछि सरकार फेरियो। फेरि कामदार पठाइयो। फेरि पनि त्यस्तै दुर्व्यवहार हुन थालेको छ। कैयौँ साथी अङ्गभङ्ग भएका छन् तर तिनीहरूले बिमाको नाममा एक पैसा पनि पाएका छैनन्। मेरो कम्पनीमा मात्रै हैन, पूरै मलेसियाभरिका कम्पनीमा यस्तै हुने गरेको छ। आखिर उनीहरू उल्टै पैसा तिरेर घर फर्किन बाध्य छन्। यस्तो छ मलेसियाको दुर्गति, फेरि पनि हामी त्यही मलेसिया नै जान बाध्य छौँ। यो परि स्थिति बनाउने आखिर को? बेरोजगार युवाहरूलाई यस्तो बाध्यता कहिलेसम्म? किन सरकारले हामीजस्ता युवाबारे केही सोच्दैन?

## जेलका ती ...

मरेका छन्, धेरैको दाँत भाँचिएको, खुट्टा भाँचिएको जिवन्त प्रमाण हामी देख्थ्यौँ, धेरै अनावश्यक यातनाले पागल भएका देखिन्थे, कोही एकोहोरो हाँसी रहने, कोही चौबीस घण्टा पानी खेलाई रहने पागलहरु थिए। लाग्थ्यो एउटा सचेत मान्छेको लागि वास्तविक यातना र पीडाका लागि यी पात्र र घटना प्रकृया र कथाहरु पर्याप्त थिए। वास्तवमै यो अवस्थालाई पचाउन सक्नु चानचुने कुरा थिएन तर हामीले आफूलाई त्यहाँ रमाउन सिकायौँ, आफूलाई जिउन तल्लिन बनायौँ। दिनमा १ पटक हामी समीक्षा गर्थ्यौँ देशको राजनीतिको, आफ्नो मुद्दाको बारेमा अनि साझा धारणा तयार गरी पार्टीलाई सुझाव दिन्थ्यौँ। राजनीतिमा यस्तो गर्ने कुटनीतिमा यसो गर्ने कार्यतालिका बनाएर कैद टार्ने योजना बनायौँ। बढि समय पढ्ने, लेख्ने र सरसफाईमा लगायौँ र केही सिपमूलक काम पनि सिक्दै मुढा बनाउने, बाँसका विभिन्न सजावटका सामान बनाउने, फुल पछाडिको फ्रेम, ऐनाको फ्रेम आदि बनाउने, पत्रिका पढ्ने। दिनहरु बित्दै गए, हामीले शान्तिपूर्ण अवस्थाको एक महिना र क्रान्तिपूर्ण अवस्थाको १ दिनलाई उस्तै तवरले नियालिरहेका थियौँ। तसर्थ यो समयलाई अनावश्यक जेलमा गुजार्न क्रान्तिको पक्षमा नहुने निश्कर्षसहित १७ नं. या पुनरावेदनबाट मुद्दा लड्ने निधो गऱ्यौँ। उक्त कार्यमा पार्टीको भूमिका कुटनैतिक तवरले उच्च रहेको थियो। जसमा पार्टी प्रवक्ता आफैं खट् नुभएको थियो, कारण वहाँ पूर्वमन्त्री एवं राज्यको संवैधानिक अंगमा कुनै समय भएको हुँदा सहज हुने हुँदा कार्यपालिका र न्यायपालिका बीच तालमेल मिलाउने भूमिका थियो। तथापि कुटनैतिक पहल फिका साबित गरियो। हाम्रो मुद्दा सहज हुनको सट्टा जिल्ला अदालतले गरेको निर्णय नै सदर गरियो।

लोकतान्त्रिक गणतन्त्र नामको दलाल संसदीय तन्त्रलाई टिकाउन दलालहरुको अहंकार र सत्ताको नशाले नराम्ररी गाँजेको थियो। कसैको निवेदन, आग्रह र सुझावलाई न स्विकार्ने कुरा कतिसम्म तल्लोस्तरमा गिराउँदो रहेछ भन्ने कुरा चेतनशील कैदी आँखाहरुले, नेपाली मनहरुले महशुस गरेकै थियो। हामीमा केही निरासा र केही दृढता पनि पैदा भयो। अब १०५ दिन कुर्नै पर्ने हुनाले मानसिक रुपले हामी बलियो भयौँ। पत्रिका जेलमा नियमित रुपमा आउँथ्यो। त्यसको अलावा जनआस्था र रातोखबरलाई संभव भएसम्म उपलब्ध गराउने वातावरण बनायौँ। जेल भित्रको जीवन वास्तवमा निकै महंगो थियो। पार्टीलाई व्यवस्थापनका निम्ति निकै गाह्रो भएको अनुभुति हामी गर्न सक्थ्यौं। जेलभित्र हामी बसिरहँदा साङ्गठनिक संघर्ष र आर्थिक कुनै गतिविधि गर्न गाह्रो भएको थियो। जेल जीवन निकै मेहनत गर्दा पनि अनिवार्य आवश्यकता पुरा गर्नकै लागि पनि थोरै खर्च भए पनि महंगो नै हुन्छ। बाहिरबाट अत्यावश्यक आधारभूत सामाग्री ल्याएर नाइकेहरुले ३ गुणा बढिमा बेच्ने गर्छन्। धेरै प्रतिशत फाइदा राखेर बेच्ने हुँदा कैदीहरुलाई मार पर्छ। १०५ दिनपछि हामीलाई चन्द्रगढी जिल्ला अदालतमा उपस्थित गरायो। जेल प्रशासनले ४ घर्खालभित्रको पनि बन्द कोठाबाट ५ महिनापछि क्रान्तिकारीहरुको गहना हतकडीबाट सजिएर बाहिर हावा खाने अवसर पायौँ। हामीमा केही प्रफुल्लित या खुसी, उमंग, उदात्तता महसुस भएको भान हुन्थ्यो। जेलको उकुसमुकुस वातावरणबाट बाहिर अदालतसम्म जाँदा ताजा हावा पाउने कुरा संगै आफन्तहरुसँगको भेटघाट र मुद्दासम्बन्धि आवश्यक परामर्श गर्ने मौका मिल्यो। बाहिरको गतिविधि, राजनीतिक, सामाजिक, पारिवारिक विषयमा गन्थनमन्थन भयो। हरेक पन्ध्र दिनमा हुने पेशी अदालतमा हाजिर हुने क्रमपछि मुद्दा या कुटनीतिक पहलका साथै राजनीतिक दवावका बीच २०७२ मंसिर २२ देखि २०७३ असोज ६ सम्म जेल बसि छुट्ने प्रकृया नजिक पुग्यो। हामीलाई लाग्दै थियो, जेल बाहिर गइसकेपछि बाँकी रहेको सांगठानिक अनुभवको कमीलाई कसरी पुरा गर्ने होला? तापनि एउटा अनौठो र छुट्टै संसार जेलरुपी क्रान्तिकारीहरुको युद्धको मोर्चाबाट आन्तरिक र बाह्य खराबीलाई पराजित गर्न उच्च मनोबल कायम थियो। हामीलाई यो एकीकृत जनक्रान्तिको कार्यदिशालाई व्यवहारिक रुपमा प्रस्तुत गर्ने क्रममा भएको कार्वाही द्वारा प्राप्त शिक्षाले परिपक्व र सम्बन्ध विस्तारका हिसाबले निकै फराकिलो बनाएको थियो। मेचीदेखि महाकालीसम्मका विभिन्न मुद्दामा जेल बसिरहेका दोषिदेखि निर्दोषसम्मको विभिन्न खाले जात, धर्म, क्षेत्रमा विभाजित मान्छेहरु बीचको अन्तरघुलनले निकै खारेको अनुभूत गऱ्यौँ। जेल पनि यही समाजको व्यक्तित्व भएको हुँदा त्यहाँको वर्गीय विभेद उस्तै थियो, दलालीकरण उस्तै। त्यो मात्र थिएन, त्यहाँभित्रका सबै मान्छेहरुका असन्तोष, घमण्ड र मुर्खतालाई सचेत प्रयत्नमा बदल्ने हो भने राज्यको विरुद्ध केन्द्रिकृत साहसमा बदल्न सकिन्छ भन्ने कुराको गहिरो अनुभूति भयो। हिजो माओवादी जनयुद्धकालमा हाम्रो आक्रमणको निशाना केवल कार्यपालिका मात्र सिमित थियो। पछिल्लो शान्तिपूर्ण संक्रमणमा आइपुग्दा व्यवस्थापिकामा थोर बहुत रह्यो। तथापि परिणाम सकारात्मक हुन सकेन। तसर्थ हामीले विकास गरेको जनयुद्ध र जनविद्रोहको उच्च रुप मालेमाको विकाससहितको कार्यदिशा हो भने न्यायपालिकालाई गहिरो अध्ययनसहित हस्तक्षेप गर्न जरुरी छ। न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका बीच तालमेल पूर्ण आक्रमणको जरुरी छ। अझ भनौँ सत्ताका मुख्य दलालहरु न्यायलयमा नै भएको हुनाले प्रमुख निशाना जोड दिन पर्ने अतिआवश्यक छ। जहाँबाट नेपाली क्रान्तिबाट पैदा भएको निरासा, धोका, गद्धारी, आशंकालाई आशा, विश्वास र आकर्षणमा बदल्न सकिन्छ। जेल प्रशासनमा धेरै ठूलो सुधारको जरुरी छ। अधिकांस युवा शक्ति बेरोजगारीका कारण विभिन्न कुलतमा फसेर जेल बस्न बाध्य छन्। जसका कारण समाजमा विकृतिको सिमा छैन। हामीले जेलभित्र गरेका अनुभव र अनुभूति यिनै र यस्तै रहे। त्यति मात्रै नभई आत्मसंघर्ष, अन्तरसंघर्ष, वर्गसंघर्षले खार्ने कुरा मात्र नभएर जेलभित्र परिसकेपछि आत्मसंघर्षमा आफू विजयी बन्न सकिएन या धैर्यता पनि एउटा युद्धनै हो भन्ने कुरा मनन गर्न सकिएन भने खारिने नभई खिइने खतरा पनि हुने कुराको बोध गऱ्यौँ। मनभित्र एउटा प्रतिवद्धता, संकल्प, दृढता भयो भने त्यसले मान्छेलाई बलियो बनाउने अनिश्चय, आशंका र दुविधा समाप्त भएपछि उत्प्रेरित तागत एकत्रित भएर स्फूर्तिलो संचार हुँदोरहेछ। यदी स्फूर्तिलाई लिएर एकीकृत जनक्रान्तिको कार्यदिशा मार्फत् नेपाली अधुरो क्रान्ति पुरा गर्न लागि रहेँ जेलबाट छुटेपछि।

# नेकपाद्वारा धमाधम जनसत्ताहरू गठन

जानकी दहित/दाङ

संसदवादीदलहरूले पुरानो सत्तालाई दलाल संसदवादी सत्तामा रुपान्तरन गर्नको लागि चुनावतिर लागिरहेको वेलामा नेकपाले भने स्थानीय स्तरमा जनसत्ता गठनको कामलाई तिव्रता दिइरहेको छ।

देशव्यापी रूपमा संचालन गरिएको तीन एकिकृत जनप्रतिरोध तथा जागरण अभियान अन्तर्गत यसरी जनसत्ताहरू गठन गर्न लागीएको हो। यसैबिच दाङको रामपुरमा गाउँ जनपरिषद गठन गरिएको छ। सोमवार गठन गरिएको गाउँ जनपरिषदको प्रमुखमा छोटेलाल चौधरी रहनुभएको छ। यो सहित दाङमा मात्र दश स्थानमा गाउँ जनपरिषदहरू गठन गरिएका छन्। स्थानिय जनताका समस्याहरूलाई स्थानिय स्तरमै समाधान गर्न र स्थानिय स्तरमा भएका वेथितिहरूलाई अन्त्य गर्नको लागि गाउँ जनपरिषद गठन गरिएको नेकपाका जिल्ला सदस्य पाटनले वताएका छन्। पुरानो सत्ताको विरुद्धमा यसरी नै जिल्लाव्यापी रूपमा जनसत्ताहरू गठन गर्दै जाने नेकपाका अर्का जिल्ला सदस्य ज्वालाले वताएका छन्।

पार्टीले देशव्यापी रूपमा संचालन गरेको अभियान अन्तर्गत दाङमा जनपरिषद गठन, घरदैलो कार्यक्रम र संगठन विस्तार अभियान जिल्ला व्यापीरूपमा चलिरहेको समाचार त्यहाँबाट पत्रकार जानकी दहितले पठाएको समाचारमा जनाइएको छ।

नियमित

# जनप्रतिरोध, बलिदान र रेणु दाहालको रोदन



खेम थपलिया

कालिकोटमा सङ्घर्ष नझेलेको घर, बलिदान नगरेको गाउँ, सहिद नसुतेको पाखा, रगत नटासिएको पहाड भेट्टाउन असम्भव छ । कालिकोटले जनयुद्धमा गरेको योगदान र बलिदान विशिष्ट छन् । निःशस्त्र महिला र किसानले हतियार खोसेको मालकोट कारबाही मात्रै होइन, अत्यन्त थोरै हतियारले सान्नीघाट र पाद्मघाट चौकी कब्जाको सन्दर्भ ऐतिहासिक छन् । नेपाली राजनीतिमा कथित स्थानीय निर्वाचनमा केही गम्भीर नकारात्मक विरासतका साथै, महान् बलिदानको शृङ्खला थपिएका छन् । दाहाल र देउवाको अप्राकृतिक गठबन्धनको जगमा प्रचण्डपुत्री रेणु दाहालले 'नेपाली कांग्रेसको निर्वाचनचिन्ह रुखमा परेको सबै भोट मेरो पक्षमा गणना हुनुपर्दछ' भनेर गरेको रोदन र रडाकोले जग हँसाएको छ । रेणुले जनपक्षीय राजनीतिको त कुरै छोडौं, मरणासन्न बुर्जुवा संसदीय पद्धतिको पनि खिल्ली उडाएकी छिन् ।

नेपालमा क्रान्तिलाई अलपत्र पारिएको छ । राज्यसत्तामा सामन्त-दलालहरू नै छन् । राज्यसत्ता बदल्ने क्रान्तिको नेतृत्व गरेका मानिस शान्तिप्रक्रियाको नाममा दलालीकरणको अपूर्व नमुना बन्न पुगेका छन् । तिनले जनतालाई दुश्मन देख्न थालेका छन् । क्रान्तिलाई आतङ्क देख्न थालेका छन् । क्रान्तिकारीलाई आतङ्ककारी देख्न थालेका छन् । कालिकोटको मालकोटमा प्रचण्ड सरकारद्वारा फासीवादी दमन गरेर कैयौंलाई घाइते बनाउनुका साथै धनरूप बटालाको हत्या गरिसकेपछि केही मानिस प्रश्नरूपी खुँडा बोकेर उपद्रो मच्चाइरहेका छन् । यसको कुनै अर्थ छैन ।

नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा कथित स्थानीय निर्वाचन खारेजी अभियान भव्य, महान् र ऐतिहासिक रूपमा सफल भएको छ । संसदीय दलहरू र सरकार नियन्त्रित तथा दलाल पुँजीद्वारा डामिएका सञ्चार-माध्यमले जनताका विरुद्ध जति प्रचार गरे पनि यो निर्वाचनमा जनताको सहभागिता, उत्साह र चासो निकै न्यून रह्यो । नेपाल कम्युनिस्ट पार्टीको सिङ्गो पार्टी-पङ्क्तिले निर्वाचन खारेज अभियानमा देखाएको सक्रियता र व्यापकताले दलाल सत्ताधारीको सातोपुत्लो उड्यो । दलाल सत्ताका मतियार पार्टी नेता र कार्यकर्ताविरुद्ध तानाशाही तरिकाले दमनमा उत्रियो । उनीहरूले सञ्चारकर्मी, अधिकारकर्मी, महिला र नाबालकलाई समेत छोडेनन् । सयौँलाई पक्राउ पुर्जी जारी गरियो, झुट्ठा मुद्दामा फसाउने षड्यन्त्र गरियो । चौबीसैघन्टा सबैतिर छापा मारियो । जनताका विरुद्ध सबैतिर श्वेतआतङ्क मच्चाइयो । बन्दुकमुनि थोपरिएको कथित स्थानीय निर्वाचनका विरुद्ध कडा प्रतिरोध गर्दै जनताको अपार समर्थनका साथ देशलाई स्वाधीन र जनतालाई दलाल-सत्ताको जुवाबाट मुक्त गराउने युगीन दायित्व पूरा गर्न नेपाल कम्युनिस्ट पार्टी दत्तचित्त भएर लागिरह्यो । यसले एकीकृत जनक्रान्तिको उच्चतालाई नै प्रमाणित गरेको छ ।

देशभर प्रतिरोध सङ्घर्षकै तीव्रतामा वैशाख ३१ गते कालिकोट-मालकोटमा जनताले निर्वाचन खारेज गरेपछि प्रचण्ड सरकार फासिस्ट रूपमा जनताविरुद्ध उत्रियो । दमनका विरुद्ध जनताले कडा प्रतिरोध गरे । सोक्रममा मालकोटका युवा तथा राप्रपाका उम्मेदवार धनरूप बटलाको दुःखद् निधन भएको छ । दलाल संसदीय व्यवस्थाविरुद्ध पार्टीको नेतृत्वमा जनताले गरेको यो उच्चस्तरको प्रतिरोध र विद्रोहले नेपालमा नेपाली जनताको क्रान्तिप्राप्ति उत्कट चाहको प्रतिबिम्बन गर्दछ भने प्रचण्डको नेतृत्वको सरकारले श्रमिक जनतामाथि फासीवादी दमन गर्नुले राज्यको फासीवादी चरित्रलाई झन् उदाङ्गो पारेको छ । कुनै बेला प्रचण्ड आफैँ जनयुद्धको नेतृत्वकर्ता भएर पनि अहिले उनैद्वारा अपूर्व बलिदानका गाथा कोरेको मालकोटे-जनतामाथि आपराधिक शैलीमा दमन गर्नु प्रचण्डको वर्ग-पक्षधरता, राजनीतिक तथा वैचारिक टाटपल्टाइ हो । मालकोटलगायतका स्थानमा भएका जनताको यो प्रतिरोध र विद्रोह आम श्रमिक जनताको मुक्तिको महान् मार्ग हो भन्ने कुरामा कुनै दुविधा हुनुहुँदैन । जनयुद्धका प्रस्ताव र बलिदानलाई अपमान गर्ने, प्रतिक्रान्ति लाद्ने दलाल संसदीय व्यवस्थाको विरुद्ध यो प्रतिरोध र विद्रोहको बाटो सबै श्रमिक नेपाली जनताले अनुसरण गर्नलायक बनेको छ । बलिदानको कोटा चुक्ता गर्नुअघि धनरूप बटाला जुन पार्टीसित आबद्ध भए पनि उहाँले जनताको प्रतिरोधी महान् प्रक्रियामा सामेल भएर बलिदानको कोटा चुक्ता गरिसक्नुभएको छ । जनताको थोपा-थोपा अमूल्य रगतले नेपालीक्रान्तिलाई थप उचाइमा उठाउन सघाएको छ, क्रान्तिकारी जनतामा आत्मविश्वास बढाएको छ । यसले दलाल संसदीय व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापनालाई अपरिहार्य र अवश्यम्भावी बनाएको छ ।

आज संसारभर संसदीय व्यवस्था असफल भइसकेको छ । नेपालमा पनि कथित संसदीय व्यवस्थाप्रतिको जनवितृष्णा क्रमशः मुखरित हुँदै गएका छन् । कथित निर्वाचन खारेजी अभियानमा कालिकोटको ऐतिहासिक भूमि मालकोटका क्रान्तिकारी जनसमुदायले फेरि एकपटक आफ्नो क्रान्तिकारी विरासत कायम गर्दै संसदीय दलाल सत्ताका विरुद्ध डटेर प्रतिरोध गरेका छन् । यसले 'खै तिमीहरूले के पो गर्‍यौ र !' भनेर ओठ लेप्याउनेहरूलाई गतिलो झापड दिएको छ । जनताले दलाली मिडियालाई प्रयोग गरेर जनतामा भ्रम सिर्जना गर्न खोजे पनि जनताले तिनका कायरता र षड्यन्त्रलाई चकनाचुर बनाइदिएका छन्; तिनको सत्तालाई संसदीय सिनो सावित गरिदिएका छन् ।

एकातिर जनताले प्रतिरोध र बलिदानको शृङ्खलालाई उच्च बनाइरहेका छन् भने अर्कोतिर चितवनको भरतपुर महानगरपालिकामा मेयर पदमा उठेकी प्रचण्डपुत्री रेणु दाहालले गरेको बबालका कारण मतगणनामा ढिलाइ भएपछि उनीहरूकै बीचमा मारामारको स्थिति उत्पन्न भएको छ । भरतपुरमा रेणु दाहाललाई जिताउन प्रचण्डले कांग्रेससँग अप्राकृतिक तालमेल गरेका थिए । निर्वाचन कार्यालय चितवनका अनुसार रेणुले मेयरका लागि रुखमा परेको मत आफ्नो पक्षमा गणना हुनुपर्ने अडान राखेपछि सो समाचार देशभर फैलियो । उनको वैचारिक स्खलन देखेर सबैले जिब्रो काढे । माओवादी केन्द्रसँग तालमेल गरेपछि चितवन कांग्रेस असन्तुष्ट थियो । यो प्रकरणले माओवादी केन्द्र, सो पार्टीका अध्यक्ष प्रचण्ड र तिनका नेता-कार्यकर्ताको वैचारिक, राजनीतिक तथा नैतिक सङ्कटलाई नै उजागर गरिदिएको छ ।

हामीलाई थाहा छ, बलिदान क्रान्तिको ऊर्जा हो । सर्वहाराक्रान्ति सर्वोत्कृष्ट क्रान्ति हो । यो क्रान्तिमा हुने बलिदान सर्वोत्कृष्ट र महान् हुन्छ । महान् सहिदहरू राष्ट्रका सर्वोत्तम छोराछोरी हुन् । सहिदको मृत्यु सगरमाथाजस्तै उच्च, गन्हुङ्गो, अटल र अमर हुन्छ । यही ऐतिहासिक तथ्यलाई मालकोटले पुनः उजागर गरेको छ । सबैभन्दा पिछडिएको कर्णालीमा जनयुद्धको एउटा केन्द्रको रूपमा स्थापित कालिकोटबाट जुन बलिदान भयो; त्यसले कर्णालीको मात्र होइन, सिङ्गै नेपालको इतिहासमा विशिष्ट स्थान राख्दछ । कथित स्थानीय निर्वाचन खारेजी अभियानका क्रममा दैलेख, मुगु र मकवानपुरलगायत देशैभर भएका प्रतिरोधी सङ्घर्षले नेपालीक्रान्तिलाई झनै सन्निकट ल्याइदिएको छ ।

निश्चय पनि बलिदानले क्रान्तिकारी परिर्वतनलाई प्रेरित गर्दछ । सहिदहरू क्रान्तिकारी रूपान्तरणका मार्गदर्शक हुन् । जब क्रान्ति प्रतिक्रान्तिमा बदलिन्छ, जब नायक खलनायकमा परिणत हुन्छ, तब सहिदको बलिदानमाथि जबर्जस्त प्रश्नचिन्ह लगाइन्छ । हामीले महान् सहिदहरूका बलिदानको मूल्यमाथि प्रश्नचिन्ह खडा गर्नेका विरुद्ध धावा बोल्दै तिनका दाह्रा-नङ्ग्रा भाँचभुच पारिदिनुपर्दछ । नकरात्मकताको न्यूनीकरण र सकारात्मकताको पुँजीकरणले जनताको परिवर्तनको आकाङ्क्षालाई साकार पार्न सकिन्छ । कथित स्थानीय निर्वाचन खारेजी अभियान सांस्कृतिक क्रान्ति पनि हो । यसर्थ, कथित स्थानीय निर्वाचन खारेजी अभियानका क्रममा देश्व्यापीरूपमा प्रस्तुत भएका कौशल, साहस, शौर्य र बलिदानको मूल्यलाई पुँजीकृत गर्दै नेपालीक्रान्तिलाई माथि उठाऔँ । दलाल संसदीय व्यवस्थाको अन्त अपरिहार्य छ, एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना अवश्यम्भावी छ । जनताद्वारा प्रदर्शित सशक्त प्रतिरोध, बलिदानी भावना र रेणु दाहालको रोदनको अन्तर्वस्तु पनि यही हो ।

# कहाँ को को गिरफ्तार भए ?

रातो खबर संवाददाता/काठमाडौं

चुनाव खारेजी अभियानको क्रममा नेकपाका दुई जना केन्द्रीय स्तरका नेता, विभिन्न जिल्लाका ५ जना जिल्ला इञ्चार्ज र ८ जना जिल्ला सेक्रेटरीसहित २०० जना भन्दा बढी कार्यकर्ता गिरफ्तार भएका छन् । नेकपाका महासचिव विप्लवले वैशाख २४ गते जारी गर्नु भएको विज्ञप्तिमा १५० जना गिरफ्तार भैसकेको दावी गर्नु भएको थियो । वैशाख २६ गते गृहसचिवले एक संचारसँग १६८ जनालाई नियन्त्रणमा लिएको बताएका थिए । त्यत्तिकै संख्यामा सर्वसाधारण जनतालाई पनि पक्राउ गरिएको छ । गिरफ्तार भएका नेकपाका केन्द्रीय सदस्य, जिल्ला इञ्चार्ज र सेक्रेटरीहरू तल दिइएको छ -



**सन्देश पौडेल,** केन्द्रीय सदस्य तथा जनकपुर ब्युरो इन्चार्ज



**नारायण महर्जन**
बैकल्पिक केन्द्रीय सदस्य



**देवकला अधिकारी**
इन्चार्ज, बर्दिया



**लक्ष्मण उप्रेती**
इन्चार्ज, पर्सा



**दीपक श्रेष्ठ**
इन्चार्ज, सोलुखुम्बु



**अर्जुन योगी**
इन्चार्ज, दोलखा

**रविकिरण**
इन्चार्ज, जुम्ला



**नन्दलाल तिवारी**
सेक्रेटरी, कास्की



**अर्जुन योगी**
इन्चार्ज, दोलखा



**सागर तिमल्सिना**
सेक्रेटरी, नुवाकोट



चन्द्र बुढा
सेक्रेटरी, रुकुम



राजन धनुके
सेक्रेटरी, दोलखा



गोकुल पराजुली
सेक्रेटरी, तनहुँ



हरीकृष्ण घिमिरे
सेक्रेटरी, सिन्धुली



मोहन राई
सेक्रेटरी, सोलुखुम्बु

# चीनमा माओका योगदानबारे गोष्ठी

रातो खबर संवाददाता

**छेन्दु (चीन) :** चीनको सिचुआन प्रदेशस्थित छेन्दुमा 'माओका योगदानहरू' विषयक गोष्ठी सम्पन्न भएको छ । नेपाल-कोरिया लेखक/पत्रकार मञ्चको आयोजनामा छेन्दुस्थित टेम्पल गार्डेनस्थित माओको भव्य सालिकपरिसरमा गोष्ठी आयोजना गरिएको हो । मञ्चका अध्यक्ष अशोक सुवेदीको अध्यक्षतामा सम्पन्न गोष्ठीमा नेकपा (क्रन्तिकारी माओवादी) का केन्द्रीय सदस्य एवम् मञ्चका सल्लाहकार हस्तबहादुर केसी, अखिल क्रान्तिकारीका केन्द्रीय अध्यक्ष पूर्णबहादुर सिंह, राजनीतिक विश्लेषक प्राडा सुरेन्द्र केसी, अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य सरोज भण्डारीलगायतले उत्तरसाम्राज्यवाद र सर्वहारावर्गको मुख्य अन्तरविरोध रहेको वर्तमान समयमा प्रतिक्रियावादीहरू कागजी बाघ हुन् भन्ने गर्जनसाथ चीनलाई मात्र नभएर विश्व सर्वहारावर्गलाई जनवादी क्रान्तिका माध्यमबाट समाजवादी क्रान्तिमा अघि बढाउन बाटो देखाउने माओ सदा अमर रहने धारणा व्यक्त गर्नुभएको थियो । माओको चिङकाङसान पर्वतमा फेरि चढ्दा शीर्षक कविता वाचनबाट आरम्भ भएको गोष्ठीका वक्ताहरूले माओलाई ट्रेडमार्क मात्र नबनाई उनका सार्वभौम योगदानहरू पछ्याएर क्रान्ति सम्पन्न गर्नुपर्ने धारणा राखेका थिए । यसअघि मञ्चले माओले चीन स्वाधीन भएर जनगणतन्त्र स्थापना भएको घोषणा गर्नुभएको तियानमेन स्क्वायरमा गोष्ठी गर्ने तयारी गरेको थियो । चिनियाँ सरक्षाकर्मीहरूले तियानमेन स्क्वायरमा ब्यानर राख्न र भाषण गर्न नपाइने जानकारी गराएपछि आयोजक संस्थाले छेन्दुमा गोष्ठी आयोजना गरेको थियो । नेकपाका पोलिटब्युरो सदस्य भरत बम 'रणवीर' कामविशेषले अघिल्लो दिन नै नेपाल फर्किनुपर्ने भएकाले उहाँले गोष्ठी सफलताको शुभकामना दिनुभएको थियो । मञ्चले जनवादी गणतन्त्र कोरियामा आयोजित साम्राज्यवादविरुद्ध अन्तर र्षिट्रय ऐक्यबद्धता सम्मेलनमा सहभागिता जनाएर नेपाल फर्किने क्रममा चीनमा गोष्ठी आयोजना गरेको हो ।




## काठमाडौं र पोखरामा गिरफ्तार

**काठमाडौं** : जेठ २, कालीकोट घटनामा मृत्यु भएका धनरुप बटलालाई सहिद घोषणा गर्दै नेकपाले जेठ २ गते (आज मंगलबार) देशव्यापी विरोध कार्यक्रम आयोजना गरेको थियो । सोही क्रममा भर्खरै अपरान्ह ४ बजे पोखराको पृथ्वीचोकबाट जुलुसमा प्रहरीले आक्रमण गरी ४ वर्षे बच्चासहित १५ जनता र नेकपाका समर्थकलाई गिरफ्तार गरेको छ । त्यसैगरी काठमाडौंको असनमा जुलुस प्रदर्शनको तयारी गर्दैगर्दा महिला नेतृ धीरेन्द्रा उपाध्याय 'भृकुटी', पत्रकार सुदर्शन मंगोललगायत ६ जनालाई प्रहरीले गिरफ्तार गरेको छ ।




रातो खबर साप्ताहिकको कार्यालयमा रामरिझन यादव ।

निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, प्रवन्ध सम्पादक : **चिन्तामणि घिमिरे**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, Email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ